# अध्याय : एक

# अध्ययनको परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपालको सन्दर्भमा निश्चित जातिय समुहलाई दलितको रुपमा लिने गरेको पाइन्छ । यी जातिय समुहहरु उपत्यका, पहाड र तराईमा बसोबास गर्दछन् जस्तै कामी, दमाई, सार्की, गाइने, पहाडमा पोडे, कसाई, च्यामे काठमाण्डौँ उपत्यकामा डोम, धोवी, मुसहर आदि तराईमा बसोबास गर्दै आएको पाइन्छ । यी जातिय समुहको जनसंख्याको आकार शिक्षा, सामाजिक तथा राजनितिक चेतनाको हिसाबले विभिन्न तहको पाइन्छ तथापी सबैको एउटै प्रकारको सामाजिक हैसियत विभिन्न तहको पाइन्छ । दलितहरु सामाजिक रुपमा अपेक्षित आर्थिक कठिनता, राजनैतिक मौनता, शैक्षिक रुपमा निरक्षर रहेको छन् ( सिग्देल, १९९८)।

शिक्षाले नै मानव जिवनलाई अध्यारोबाट उज्यालो तर्फ लाग्न निर्देशित एवम प्रथ प्रर्दशन गर्दछ। शिक्षाले मानवीय व्यवहारलाई परिवर्तन ल्याउँछ। त्यसैले उचित शिक्षा विना मानवीय जीवन असफल र अपूर्ण जस्तै हुन्छ । शिक्षाले समाजमा विद्यमान अज्ञानता, अन्धविश्वास एवम कुरितिलाई हटाएर मानिसलाई चेतना प्रदान गर्ने गर्दछ मानिस सभ्य एवम सुशिक्षित बन्दछ । जसको फलस्वरुप शिक्षित मानिसले गरिबी र आर्थिक पछौटेपनबाट छुटकारा प्राप्त गर्दछ। यति मात्र नभई शिक्षाका कारण परम्परागत रुढीवादी धारणा मुल्य मान्यता, अन्धविश्वास, कुरितिलाई त्याग्दै आधुनिक, वैज्ञानिक र व्यवहारिक चिन्तन तर्फ उन्मुख भई सहज, सरल र सभ्य जीवन जिउनका लागि समेत सक्षम बन्दछ ( काफ्ले, २०६४)।

राष्ट्रीय स्रोतसाधनमाथी दलित समुदायको पहुँच विश्लेषण गर्दा १८ प्रतिशत अति गरिब जनसंख्या मध्ये ८० प्रतिशत जनसंख्या दलित समुदाय रहेको छ। नेपालको अधिकांश दलितहरु भुमिहिन अवस्थामा रहेका छन् । समाज विकासको ईतिहास आधुनिक युगमा प्रवेश गरिसक्दा पनि जातिय भेदभाव र छुवाछुतजन्य सरकारबाट मुक्त रहन नसकेको

नेपाली समाजको अवस्था यतिखेर राज्यको लागि चिन्ता र चुनौतीको विषय बन्न पुगेको छ( राष्ट्रिय दलित आयोग, २०६०) ।

नेपालमा दलित महिलाको अवस्थालाई हेर्दा दलितको कुल जनसंख्या आधा भाग दलित महिलाको जनसंख्या रहेको छ । हाम्रो समाजमा सदियौदेखि पितृसत्ताले जरो गाडेको छ । महिलालाई तेस्रो दर्जाको नागरिकको रुपमा लिइन्छ भने दलित महिलाहरु लैङ्गिक र जातीय धेरै प्रकारका विभेद र शोषणहरु सहेर बाचिरहेका छन् पहिले उनीहरु दलित भएको कारण शोषीत छन् भने दोस्रो जातका आधारमा शोषित छन् र तेस्रो कमजोर आर्थिक अवस्थाका कारण, फलस्वरुप उनीहरु भुमिमा अधिकारविहिन निर्णय प्रकृया तथा स्रोतसााधन, शान्ती सुरक्षामा पहुँच बिहिन, लैङ्गिक विभेद तथा घरेलु हिंसा, बलात्कार, चेलिबेटी बेचबिखन, यौन शोषणका सिकार हुन बाध्य हुन परिरहेको अवस्था छ (दलित महिला संघ, २०६३) ।

राज्यको विकासको लागि शिक्षाको महत्वपूर्ण भुमिका रहेको हुन्छ । जुन शिक्षा सवै वर्ग, जाति विच समान रुपमा हुनुपर्छ तर नेपालमाा सवै वर्ग बिच समान शिक्षा पुग्न सकिरहेको छैन । विशेषगरी दलित र विपन्न वर्गमा शिक्षाको पहुँचको कमी छ । दलित तथा विपन्न वर्गको लागि राज्यको निशुल्क शिक्षा उपलब्ध गराए पनि त्यसले शिक्षाको पहुँच पुऱ्याउन सकिरहेको छैन । किनकी दलित वर्ग समाजका पिछडिएका वर्गमा मानिएका छन् । गरिबी, छुवाछुत, अशिक्षाका कारण उनिहरुले राम्रो रोजगारको अवसर पाएका छैनन् र व्यापार व्यवसायमा पनि सक्षम हुन सकेको छैनन आफ्नो परम्परागत पुर्खाले गरेको कामलाई नै आफ्नो आर्थिक स्रोतको माध्यम बनाएका छन । महिलाहरुलाई घरायसी काममा लगाउने, मेलमिलापको काम गर्न लगाउने, दिदि बहिनी, दाजुभाइ हेर्न लगाउने हुनाले महिलालाई विद्यालय पठाउनु पर्छ भन्ने धारणाको विकास हुन सकिरहेको छैन । लैङ्गीक विभेदकै कारण दलित महिलाहरुको शैक्षिक स्तर माथि उठन सकिरहेको छैन । दलित महिलामाथि हुने लैङगीक विभेद असुरक्षा, अशिक्षालाई अन्त्य गरि र प्रभावकारी र समतामुलक राज्य निर्माण गर्नका लागि राष्ट्रिय तथा अर्न्तराष्ट्रिय स्तरबाट सरकारी तथा गैरसरकारी संस्थाहरुले विभिन्न निती तथा योजना अगाडि ल्याइरहेका छन । दलित महिलाहरुको समस्याको उजागर गरी उनीहरुको संरक्षणको लागि पनि विभिन्न कार्यक्रमहरु भइररहेका छन् । जसबाट उनिहरुको शैक्षिक स्तर माथि उठाउन सकिनेछ लैङगीक विभेद पनि कम हुँदै जानेछ । नेपालको कुल जनसंख्याको ७प्रतिशत दलित महिला छन् । दलित

महिलाहारुको साक्षरता दर ३४.८ प्रतिशत छ । नेपालको कुल जनसंख्याको ४९.१ प्रतिशत महिलाहरु गम्भिर हिंसाको सिकार भएका छन् । जहाँ घटनाको ४.४ प्रतिशत मात्र प्रहरीमा उजुरी गर्छन् । उनीहरुको गरिबीको मुख्य समस्या भुमि हिनता, बेरोजगारी र कृषि मजदुरको रुपमा काम गर्नु हो । यसको गम्भिर संसोधन गर्न कानुनी प्रावधानहरु अपर्याप्त छन् । विद्यमान नीति तथा कानुनको वाहिष्कार र कमजोर कार्यान्वयनले दलित महिलालाई बहिस्कृत बनाएको छ(फेडो, २०१३) ।

## १.२ समस्याको कथन

समाजमा रहेको महिला पुरुष प्रतिको धारणा र विश्वासले गर्दा महिला र पुरुषलाई कुन तह वा प्रकृतिको शिक्षा उपलब्ध गराउने, कुन विषयमा सहभागी गराउने, कुन तहको शिक्षा उपलब्ध गराउने भन्ने तथ्यको निक्यौल हुने गर्दछ । महिलाको सक्रिय समाज सहभागीता बिना मुलुकको समग्र विकास शिक्षा विना सम्भव छैन । तैपनि गरिब, अशिक्षा, रूढीवादी परम्परा जस्ता कारणले महिलाहरूको विकास कार्य वा शैक्षिक क्रियाकलाप, शैक्षिक पहुँचको अवस्था पनि पुरुषको तुलनामा न्युन नै रहेको देखिन्छ । कानुन अनुसार महिला र पुरुष समान भए पनि सामाजिक, आर्थिक, धार्मिक एवम् राजनितिक रूपमा महिला र पुरुषप्रति गरिने व्यवहार भने विभेदपुर्ण छ । महिलालाई पुरुष सरह ल्याउनको लागि राष्ट्रिय नीतिनियम पनि तय भएका छन् । नीतिनियमको निर्माण भए पनि महिला माथिको शोषण र दमन कायमै देखिन्छ । यसले गर्दा उनीहरू अझै राज्यको मुल धारमा आउन सकेका छैनन् (भासिन, २०००) ।

महिला र पुरुष दुवै बराबरी भन्ने मान्यतालाई सामाजिक रूपमा स्थापित गरेपनि कानुनी रूपमा कार्यान्वयन गर्न सकिएको छैन । त्यसैले पोखरा महानगरपालिका वडा नं. २५ आसपास क्षेत्रमा विभिन्न जातजातीको बसोबास रहेको छ । त्यस मध्येमा पनि विश्वकर्मा टोल स्थित विश्वकर्मा जातीका महिलाहरूको शैक्षिक अवस्थाको परिस्थितिहरूलाई आधार मानी महिलाहरूको शैक्षिक अवस्थाको परिवर्तन र महिलाहरूमा लैङ्गिकताको प्रभाव कस्तो रहेको छ भन्ने कुरालाई मुख्य समस्या मानिएको छ । प्रस्तुत अध्ययन क्षेत्रका महिलाहरु अन्य जातका महिलाभन्दा सामाजिक, आर्थिक, शैक्षिक राजनैतिक स्तरबाट नै पिछडिएका हुनाले वर्तमान अवस्थामा शिक्षामा आएको परिवर्तनसँगै यहाँका

महिलाहरुलाई शिक्षाले कस्तो प्रभाव पारेको छ भन्ने, विषयलाई अध्ययनको विषय बनाई उल्लेखित उद्देश्यमा आधातिर भई प्रश्नहरु गरी उत्तर खोज्ने प्रयास गरिएको छ ।

क) शिक्षा प्रति विश्वकर्मा महिलाको पहुँच र धारणा कस्तो रहेको छ ?

ख) शिक्षामा विश्वकर्मा महिलाहरूको अवस्थालाई प्रभाव पार्ने तत्वहरूको खोजी गर्ने ।

## १.३ अध्ययनको उद्देश्यहरू

प्रस्तुत अध्ययनका उद्देश्यहरु निम्न अनुसार छन् :

क) शिक्षा प्रति विश्वकर्मा महिलाको पहुँच र धारणा पत्ता लगाउने ।

ख) शिक्षामा विश्वकर्मा महिलाहरूको अवस्थालाई प्रभाव पार्ने तत्वहरूको खोजी गर्ने ।

## १.४ अध्ययनको महत्व

राज्यले शिक्षामा धेरै लगानी गरेको छ । मानिसको जीवनमा शिक्षा जीवनकै आधारभुत आवश्यकता हो । यसै सन्दर्भमा प्रस्तुत अध्ययनले विश्वकर्मा समुदायका महिलाहरूको शिक्षामा पहुँचको अवस्था पहिचान गर्न र यसका सम्पुर्ण पक्षहरुकोअध्ययनमा महत्वपूर्ण भूमिका रहन्छ । प्रस्तुत अनुसन्धानबाट विश्वकर्मा समुदायका महिलाहरूको शैक्षिक अवस्था पत्ता लगाइने हुनाले र यिनीहरूको शिक्षामा प्रभाव पार्ने तत्वहरु जस्ता प्रष्ट पार्ने हुनाले यस क्षेत्रमा रहेर अनुभव प्रदान गरिरहनु हुने शिक्षक शिक्षिकालाई प्रभावकारी बनाउने कार्यमा सहयोग गर्न प्रेरित गर्नेछ । अध्ययन क्षेत्रका महिलाहरूको शैक्षिक अवस्थाका सम्बन्धमा जान्न चाहने संघसंस्था तथा व्यक्ति विशेषलाई पनि यसले एउटा इट्टा थप्ने काम गर्नेछ । अध्ययन विशेषगरी दलित महिलाहरुको शिक्षामा केन्द्रित रहेको हुनाले केही मात्रामा अन्यलाई पनि उपयोगी हुनसक्ने अपेक्षा गरिएको छ ।

## १.५ अध्ययनको सीमा

सामान्यतया विशुद्ध शैक्षिक प्रयोजनका लागि सम्पन्न प्रस्तुत अध्ययनमा सिमित समय, बजेट र स्रोतसाधनको प्रयोग गरिएको छ । प्रस्तुत अनुसन्धानबाट प्राप्त निष्कर्षमा कास्की जिल्ला भरिका सम्पूर्ण विश्वकर्मा महिलाहरूको प्रतिविम्ब उतार्न त सकिदैन त्यसैले प्रस्तुत अध्ययन कास्की जिल्लाको पोखरा महानगरपालिका वडा नं. २५ स्थित विश्वकर्मा टोलमा अवस्थीत विश्वकर्मा महिलाहरूमा मात्र केन्द्रीत रही सम्पन्न गर्ने अपेक्षा राखीएको छ । प्रस्तुत अनुसन्धान कार्य मुख्यतया लैङ्गीक विभेदमा आधारित रहेको छ ।

# अध्याय : दुई

# पूर्व साहित्य समिक्षा पुनरावलोकन

## २.१ सैद्धान्तिक धारणा

शिक्षा भन्ने शब्द ल्याटिन भाषाको "Educare"बाट आएको हो । जसको अर्थ "Bring up" बाहिर निकाल्नु भन्ने हुन्छ । यसरी व्यक्तिमा लुकेर रहेको क्षमतालाई बाहिर निकाल्नु र क्रमशः विकसित गर्नुलाई नै शिक्षा भनिन्छ । शिक्षाको महत्व दिनानुदिन बढ्दै गइरहेको छ । आजको विश्व प्रविधिले धेरै नै फरक पारेको छ । सुचना, सञ्चार, कम्प्युटरबाट अगाडी बढीरहेको छ । मानव यन्त्र मानव निर्माण गरी नयाँ किसिमबाट कामहरू गराउन सफल भएको छ । शिक्षाले सामाजिक, साँस्कृतिक परिवर्तनमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ ।

समाजशास्त्रका अध्ययन बिना समाजले खोजेको व्यवहार मानिसले सिक्न सक्दैन र उक्त व्यवहार नसिकेसम्म एउट व्यक्ति समाजमा मिलेर बाँच्न गाह्रो छ । शिक्षाले सामाजिक स्तरीकरणमा प्रभाव पार्दछ । शिक्षा व्यक्तिको जीवनको स्तरमा परिवर्तन गराउन अहिलेको समाजमा धन सम्पति मात्र थुपारेर समाजको माथिल्लो तहमा पुग्न अति नै विघ्न बाधाको सामना गर्नुपर्दछ Ritzer (1996)। समाजमा इज्जत प्राप्त गर्न वा सामाजिक गतिशिलता उकास्न वर्गीय रुपमा गहिरो सम्बन्ध छ । समाजशास्त्रले सबै किसिमका सामाजिक सम्बन्धहरुलाई शिक्षासँग गाँसेर अध्ययन गर्दछ । त्यसकारण यसको क्षेत्र व्यापक छ । समाजशास्त्र विज्ञान हो भने शिक्षा एउटा ज्ञानको व्याख्या हो । शिक्षा समाजको आफ्नै सिर्जना हो । शैक्षिक गतिविधि मानिसको सामाजिक गतिविधिको एउटा भाग हो । त्यसकारण शिक्षा समाजशास्त्रको एउटा शाखा हो जस्तो देखिन्छ । त्यसैले समाजशास्त्रको नयाँ शाखा "शिक्षाको समाज शास्त्र" स्थापित हुदैं गइरहेको छ । यसले शिक्षामा संस्कृतिको स्थान्तरणको महत्वपूर्ण कारक तत्व मान्दछ । यसका साथै शिक्षाको कार्यगत महत्वलाई यसले अध्ययन गर्दछ । शैक्षिक समाजशास्त्रले विद्यायलको सङ्गठनको अध्ययन र विद्यालय र सामाजिक संरचना : वर्ग, परिवार, छिमेकी, सामाजिक मूल्य मान्यताको अध्ययनमा जोडदिन्छ (पहारी, २०५९) ।

त्यसैगरी सत्य युगमा भगवानले मानिसहरुको सृष्टि गर्ने क्रममा भगवानका मुखबाट जन्मिएका ब्राह्मण, हात पाखुराबाट जन्मिएका क्षत्रीय गोडाबाट जन्मिएका वैश्य र पैतालाबाट जन्मिएका शुद्र भनिन्थ्यो । ब्राह्मणलाई मानसिक काम, क्षेत्री र वैश्यलाई शारिरिक काम तथा शुद्रलाई तल्लो दर्जाका ...रीरिक काम गर्न लगाइयो । त्यसैगरी रङ्गको आधारमा विभाजन गरी सेतो वर्णका ब्राह्मण, राता वर्णका क्षेत्रीय, पहेँला वर्णका वैश्य र काला वर्णका व्यक्तिहरुलाई शुद्र भनियो । गुणका आधारमा विभाजन गर्दा सत्वगुण भएका ब्राह्मण, राजगुण र तमगुण दुवै भएका वैश्य र तमगुण मात्र भएका जातिलाई शुद्र बनाइयो । खानाका आधारमा गरिएको विभाजन अनुसार सात्विक खाना खानेहरु ब्राह्मण, राजसी खाना खानेहरु क्षेत्रीय, राजसी र तामसी दुबै खानेहरु वैश्य तथा तामसी खाना खानेहरु शुद्र हुने व्यवस्था गरियो । यस प्रकारको वर्ण व्यवस्थलाई अध्ययन गर्दा एउटै ईश्वरका सन्तानका रुपमा रहेका ब्राह्मण, क्षेत्री, वैश्य तथा शुद्रहरु छुत र अछुत हुनुपर्ने कुनै कारण देखिदैन । रङ्गका आधारमा, खानाका आधारमा, गुणको आधारमा तथा व्यवसायका आधारमा गरिएको वर्ण विभाजन अनुसार पनि कुनै एक वर्णको व्यक्ति अर्को वर्णको व्यक्तिलाई छुत र अछुतको व्यवहार गर्नुपर्ने कुनै कारण देखिदैन तर पछिल्लो समयमा आइपुग्दा समाजका टाठाबाठा र सम्पन्न व्यक्तिहरुले आफूलाई केन्द्र बिन्दुमा राखी गरिब तथा समाजमा पिछडिएका वर्गलाई दलितको संज्ञा दिई अछुतको व्यवहार गरेको प्रष्ट देख्न सकिन्छ । यसै सम्बन्धमा भारतका समाजवादी नेता महात्मा गान्धीले पनि भारतमा रहेका हरिजन (शुद्र) हरु पनि ब्राह्मणलाई सृष्टि गर्ने एउटै ईश्वरका सन्तान भएकाले कोही पनि छुत र अछुत नरहेको तर्क गरेबाट समेट प्रष्ट हुन सकिन्छ(प्रश्रित,२०४४) ।

"Caste"शब्द स्पेनिस भाषाको "Casta" भन्ने शब्दबाट आएको हो । जसको अर्थ सन्तान, प्रजनन वा वंश, वंशाणु गुणको समग्रता आदि हुन्छ । जाती व्यवस्था सामाजिक वर्गमा स्तरीकृतको व्यवस्था हो जसलाई पोर्चुगलीहरूले भारतमा प्रयोग गरे जसलाई "Jati" भन्ने गरिन्थ्यो । नेपालमा पनि जाती व्यवस्था भारतबाट प्रभावित भएर ल्याइएको हो । त्यसैले वंशाणुगत गुणसँग सम्बन्धित भएको जाती व्यवस्था सामाजिक वर्गमा र स्तरीकरणको व्यवस्था हो, जसमा एक जातीको सदस्य अर्को जातीको एक महत्वपूर्ण आधार हुन्छ । जातलाई विभिन्न स्वरूपबाट परिभाषित गरेको पाइन्छ । “जाती एक बन्द वर्ग हो ।” त्यसैले एक जातीको सदस्य आदर्शको दृष्टिबाट अर्को जातीमा प्रवेश गर्न सक्दैन । धन, शक्ति, इच्छा, अधिकार आदि तत्वहरूले जसरी वर्ग व्यवस्थामा वर्ग परिवर्तन गर्न सकिदैन ।

सामाजिक परिवेशमा अन्य समुहको तुलनामा उच्च तथा निचको स्थान ओगट्न जनजातीय एकाइको उच्च वंशसँग सम्बन्धित कुल वा गोत्रहरूको उपसमुहहरू नै जात हो । जात उपजातीमा धार्मिक प्रतिबन्धमा आधारित रहने तहगत स्थान ओगट्ने, सामाजिक नियन्त्रण गर्ने श्रेणीगत गराउने पद्धतिलाई जनाउँछ (भुषण, १९९८)।

नेपालको सन्दर्भमा निश्चित जातीय समुहलाई दलितको रूपमा लिने गरेको पाइन्छ । यी जातीय समुहहरू उपत्यका, पहाड तथा तराईमा बसोबास गर्दछन् । जस्तै; कामी, दमाई, सार्की, गाइने पहाडमा, पोडे, कसाई, धुनिया, च्यामे काठमाण्डौं उपत्यकामा डोम, धोवि, मुसहर आदि तराईमा बसोबास गर्दै आएको पाइन्छ । यी जातीय समुहको जनसंख्याको आकार, शिक्षा, सामाजिक तथा राजनीतिक चेतनाको हिसाबले विभिन्न तहको पाइन्छ । दलित समुहहरू सामाजिक रूपमा अपेक्षित, आर्थिक कठिनता, राजनैतिक मौनता, शैक्षिक रूपमा निरक्षर भएको पाइन्छ (सिग्देल, १९९८) ।

## २.२ शिक्षा र नारिवाद

नारिवाद समाजको आधुनिक ढङ्गबाट विश्लेषण गर्ने एक सिद्धान्तको रूपमा आएको छ । परम्परागत रूपमा विकसित हुँदै आएका जति पनि सिद्धान्तहरू छन् ती सबै पुरुष केन्द्रीत रहेको केबल पुरुषलाई मात्र उच्च र फाइदा हुने ढङ्गबाट व्याख्या गरिएको पाइन्छ भन्दै नारिवाद सर्वप्रथम सन् १९३० दशकमा संयुक्त राज्य अमेरिकामा देखा परेको हो । सन् १८३० मा दासता विरुद्ध संघर्ष गर्नका लागि सङ्गठित समुहसँग नारिवादको उत्पति हुन पुगेको हो । नारिवादमा पहिलो धारको उत्पती सन् १९४८ मा Elizabeth Cady Stanton and Lucretia Mottले न्यूयोर्कमा महिलाहरूको मुद्दामा आवाज उठाउनका लागि आयोजना गरेका सम्मेलनबाट भएको हो । सन् १९६३ मा Betty Friedanको "The Feminine Mystique" प्रकाशित भयो । तत्कालिन समाजमा व्याप्त रहेको महिला अधिनतालाई यस पुस्तकले राम्रोसँग चित्रण गरेको छ । प्रस्तुत पुस्तक नारिवादी आन्दोलनमा दोस्रो धारको महत्वपूर्ण जग भनिन्छ । सन् १९८० को दशक पछाडी विकसित भएको नारिवादी तेस्रो धारले महिलाहरू बिचहुने भिन्नताहरू माथि आफ्नो ध्यान केन्द्रीत गरेको छ । नारिवादी तेस्रो धारले महिला अनुभवहरूको विविधताको चित्रण गरेको पाइन्छ (पौडेल, २०५९) ।

### २.२.१ नारिवादी सिद्धान्तहरू

महिलावादको विकास १९९० को समयपछि व्यापक भएको पाइए पनि सुरुवात भने निकै अगाडी देखि भएको पाइन्छ । महिलावाद एक यस्तो दृष्टिकोण हो, जसले महिलाको समाजिक, आर्थिक, राजनैतिक आदि पक्षलाई बुझ्ने प्रयास गर्छ । महिलावादको कुनै यस्ता व्यापक र सर्वमान्य परिभाषा छैन । महिलावादको परिभाषा समाज अथवा समय अनुसार बद्लिरहन्छ । यसका रूप समाजको आर्थिक, सामाजिक स्थिती समझदारी र चेतनामा निर्भर गर्दछ । सत्रौं शताब्दीमा महिलावादको पहिलो प्रयोग भएको थियो । त्यसै बेलामा यसको विशेष अर्थ थियो । पछि आएर यसको अर्थमा परिवर्तन हुँदै गइरहेको छ, महिलाको वर्ग, पृष्ठभुमी, शिक्षा र चेतनाको स्तर आदिका अनुसार विभिन्न महिलाहरूले भिन्नभिन्न तरिकाबाट आ-आफ्नो अभिव्यक्ति प्रकट गर्न सक्दछन् । यहाँसम्म कि एकै किसिमका महिलाहरूको बिचमा पनि अलग-अलग धारणाहरू छन् । महिलावाद सम्बन्धमा एउटा परिभाषा यसरी गर्न सकिन्छ, "समाजमा काम गर्ने ठाउँमा परिवारमा हुने महिलाको दमन दुवैद्वारा यो अन्यायपूर्ण अवस्था बदल्न शिक्षामा जागरुक सकृयतानै महिलावाद हो" (भासिन, २०००) ।

## क) उदार महिलावाद

उदारवादी महिलावादको सुरुवात १६ औं र १७ औं शताब्दीदेखि भएको हो भने १९ औं शताब्दीको अन्त्यतिर निकै व्यापक रुपमा देखा परेको थियो । महिला र पुरुष बिचको समानता हुनुपर्छ भन्ने सिद्धान्त हो । यसले महिला र पुरुषका हरेक पक्षमा समानता हुनुपर्छ भन्दै उनिहरुको समान अवसर, समान अधिकार, समाज ज्यालामा जोड दिन्छ । यसले पारिवारिक दायित्व, घरायसी क्रियाकलाप, श्रम बजारका हरेक पक्षमा समानताको खोजी गर्दछ । त्यस्तै महिलाहरुको आत्मविश्वास बढाउने, क्षमताको विकास गर्न, निर्णय गर्ने स्थितिमासमेत सहयोग पुऱ्याउने कार्यक्रमलाई प्राथमिक दिन्छ । यसका साथै विद्यमान पितृसतात्मक र सामाजिक संरचनाभित्र समानता सम्भव रहेको छ । उदारवादले महिलाहरुले आफ्नै कार्य रुची, रोजाई, आकांक्षाको रोजाईलाई पुरुषसरह आफ्नो क्षमता देखाउन सक्छन् । यस्तो समानतालाई आफै निरन्तरता दिन सक्छन् भन्दै राजनितिक र कानुनी सुधारको माध्यमबाट महिला र पुरुषमा समानता ल्याउन सकिन्छ भन्ने अपेक्षा गर्दछ । यसले महिला र पुरुषबिच हुने व्यक्तिगत स्वतन्त्र सम्बन्ध र अन्तरक्रियालाई समाजमा नारी पुरुष बिच लैङ्गिक समानता ल्याउने सुरु र आधार विन्दु हो भनी मान्यताको आधारमा

विश्लेषण गर्दछ । सबै महिलाहरुमा समाजमा लैङ्गिक समानता प्राप्त गर्ने समार्थ्य हुन्छ । त्यसैले समाजको आधारभुत संरचना परिवर्तन नगरी समानता प्रस्तुत गर्न असम्भव छ भन्ने दावी गर्दछ (Abbott, १९९७)।

## २.३ पुर्व साहित्यको समिक्षा

शिक्षा भनेको सामान्य अर्थमा ज्ञान आर्जन गर्नु हो । ज्ञान आर्जन गर्नु मोक्ष प्राप्ति वा मुक्तिका लागि हुन्छ भन्ने विचार प्राचिनकालिन युगको हो । शिक्षा आज सर्वव्यापी, जीवन पर्यन्त र मानविय अधिकारको रूपमा स्थापित भएको छ । पहिलेको गुरुकुल प्रणालीबाट विकसित हुँदै व्यक्ति समाज राष्ट्र र अन्तराष्ट्रिय जगतका जिम्मेवारीहरू शिक्षालाई सुम्पिएको छ । शिक्षा, शीक्षण विधि, शैक्षिक सामाग्री, मुल्याङ्कन सबै कुराहरूमा नयाँ नयाँ आविस्कारहरू भई कार्यान्वयन भइरहेको छ र सर्वश्रेष्ठ पेशाका रूपमा विकसित गर्ने कार्यहरू भइरहेका छन् । सामाजिक र राष्ट्रिय आवश्यकताहरू पुरा गर्ने गराउने एक मात्र शक्तिशाली र प्रभावकारी माध्यम शिक्षा बनेको छ । शिक्षाले नै विभिन्न जनशक्तिहरूको सन्तुलित उत्पादन गरी राष्ट्रिय विकास कार्य गरिरहेको छ । मेडिसिन, इन्जिनियरिङ, समाजशास्त्र मनोविज्ञान, भौतिक विज्ञान, जुनसुकै क्षेत्रमा पनि आवश्यक ज्ञान र सिप शिक्षाले नै दिन्छ । एउटा विशिष्ट विद्यामा हुनुपर्ने गुणहरू, विशेषताहरू शिक्षाको क्षेत्रमा भइरहेका हुनाले आजको विश्वले शिक्षालाई विशिष्ट विधाका रूपमा स्विकारेको छ ( शर्मा,२०६६) ।

हाम्रो समाजको बनोट र आर्थिक अवस्थाको ढाँचा हेर्दा साढे चार दशक अघिसम्म सम्पूर्ण क्रियाकलाप कृषिमुखी थिए । २००७ सालको क्रान्तिले प्रजातन्त्रको बिहानी ल्याएपछि कृषिका अतिरिक्त अन्य क्षेत्रमा पनि विकासको आवश्यकता अनुभव भयो । यी सबै कुराको मेरुदण्डको रुपमा शिक्षाको विकास देखियो । जनस्तरको चाहना पनि पहिले चेतना र क्षमताकै वृद्धि गर्ने गर्नुपर्दछ भन्ने र सरकारी क्षेत्रको अठोट पनि त्यही क्षेत्रको विकासमा जोड दिनमा उन्मुख भएको देखिन थाल्यो । शिक्षाको वास्तविक उद्देश्य नै शिक्षा आर्जन गर्नु क्षमतामा वृद्धि गर्नु हो (शर्मा, २०५६) ।

दलित वर्ग भनेको हिन्दुहरु बिचकै पेशागत जातहरु हुन् । दलित शब्दलाई परम्परागत रुपमा सबैभन्दा तलको जात जनाउने र अपमानजनक अर्थ राख्ने शब्दको रुपमा प्रयोग गरिएको छ । जातिय विभेदले गर्दा उनीहरु सामाजिक रुपमा बहिष्कृत छन् । आर्थिक रुपमा विपन्न छन् र राजनितिक रुपमा सिमान्तकृत छन् (गुरुङ २००३) ।

हिन्दु धर्ममा जातिय वर्गीकरणका आधारमा विभिन्न कामहरु विभाजन गरिएको छ । मनुस्मृतिमा उच्च जातिले आर्थिक उत्पादन हुने कडा काम गर्नुहुदैंन भन्ने कुरालाई जोड दिएको छ । भागवत गितामा मानिसले प्रतिफलको आशा नगरी काम गर्नुपर्दछ भन्ने कुरालाई उल्लेख गरिनुले मानिसले कामलाई जोड दिएनन् । फलस्वरुप प्रगति हुन सकेन ( विष्ट २०६४)

सदियौ देखि पशुलाई भन्दा तल्लो दर्जाको अमानवीय व्यवहार, घृणा, तिरष्कार अन्याय, अत्याचार, दमन, शोषण, विभेद गर्दा पनि न्यायका लाग मुक्तिका लागि उनपिडित दलितले आन्दोलनले कहिल्यै हतियार उठाएनन्, कहिल्यै हिंसा मच्चाएनन्, कहिल्यै साम्प्रदयीक ढङ्ग बाधा अड्चन, कहिल्यै अछुत राज्यको माग गरेनन् । उत्पीडित दलित समुदाय सधैँ राष्ट्रिय एकता र अरदण्डताका पक्षमा दृढ रहिरहे, निरन्तर संघर्ष र योगदान गरिरहे (विश्वकर्मा, २०५३) ।

दलित महिलाहरूको शैक्षिक र आर्थिक स्थितिमा पछाडि पर्नुको कारण भनेको चेतनाको कमी, कमजोर आर्थिक स्थिति, सानै उमेरमा विवाह हुने चलन, अशिक्षित परिवार जस्ता कारणहरू रहेका छन् । शिक्षाले मानिस भित्र रहेको ज्ञान लक्ष्यलाई खोली चेतनशील बनाउने मात्र होइन यसले मानिसभित्र लुकेर बसेको विचार, सिप र भावनालाई मुर्त रूप दिन ठुलो मद्दत गर्छ । हजारौं वर्षदेखि शिक्षा जस्तो आधारभुत आवश्यकतादेखि पुर्ण रूपमा चर्चित दलित समुदायको स्थिति कहाली लाग्दो छ । सम्पुर्ण दलितहरू अशिक्षित रहेको बेलामा दलित महिलाहरूको शैक्षिक स्थितिमा सुधार नहुनुमा राज्य नै दोषी छ । सबै शिक्षित साक्षर हुँदैनन् सबै साक्षर शिक्षित हुदैनन् भने जस्तो धेरै जसो शिक्षित परिवारमा अझै पनि छोरीले भन्दा छोराको शिक्षालाई जोड दिई छोरालाई निजी विद्यालय र छोरीलाई सरकारी स्कुल पढाउने चलन भएको पाइन्छ । पढ्ने कुरालाई आर्थिक पक्ष र शिक्षित परिवारले मात्र प्रभाव नपारी स्कुलको दुरी, साथी संगीत, वातावरण, जनचेतनामुलक कार्यक्रम, सञ्चार माध्यम, तालिम गोष्ठी जस्ता साना कुराले पनि प्रभाव पारेको हुन्छ ।

त्यस्तै अध्ययन क्षेत्रका अशिक्षित, गरिब र पिछडिएका परिवारका दलित महिलाहरूमा पनि छोटो अवधिमा धेरै परिवर्तन आएको छ  (सिजापती, २०६२) ।

पितृसत्ताको कारण महिलाहरू पछाडि परिरहेको अवस्था छ । यस्तो परिरिस्थतिमा दलित महिलाको स्थिति झन् विचारणीय छ । दलित महिलाको सामाजिक, आर्थिक, शैक्षिक र राजनैतिक स्थिति दयनिय छ र हाम्रा धार्मिक मान्यता र जातीय कारणले पनि दलित महिलाको स्थिति झन दयनिय छ (ताम्राकार, २०६३) ।

पैतृक सम्पतिमा समान अधिकार नहुनु महिलालाई सन्तान जन्माउने औजारको रुपमा हेरिनु, छोरी जन्मदा आमा छोरीलाई नै हेला गरिनु स्याहार नगरिनु, धेरै सन्तान जन्माउन बाह्य पारिनु । दाइजो प्रथाका कारण हेला गरिनु । बालविवाह, बहुविवाह गरिनु जस्ता घरायसी विभेद र शोषणमा दलित महिला पिल्सिरहेका छन । वर्गीय उनपीडनमा पर्नुका साथै दलित समुदायकै पुरुषबाट शोषित छन् र उपल्ला जातिका पुरुषबाट पनि पिडित छन् । दलित भित्रकै उपजातिय विभेदबाट समेत आक्रान्त छन् (किसान, २००६)।


स्थानिय विविधता र राज्यको सिद्धान्तले नेपालमा उल्लेखनिय रुपमा सामाजिक असमानता ल्याउने काम गरेको छ । एक प्रकारले स्थानिय विविधताको कारणले गर्दा सांस्कृतिक विभिन्नताले सम्पन्न पनि छ । यद्यपी ग्रामीण भेगका दलित महिलाहरु अन्य ठाउँका भन्दा सुविधाबाट बञ्चित रहेका छन् भने राज्यद्धारा पिछडिएका छन । जसको सम्बन्ध राजनितिक, आर्थिक, शैक्षिक धार्मिक र सांस्कृतिकसँग रहेको छ । राज्यको सिद्धान्त नै यस्तो औजार हो । जसले राजनितिमा उक्त जातिको एकाधिकारमा टेवा पु¥याई रहेको छ । यस्तो अवस्थाले दलित र जनजातिलाई आर्थिक क्षेत्रबाट सिमान्तीकरण गर्दछ । तिमध्ये अधिकांश गरिब हुने भएकाले शिक्षामा पनि उनिहरुको पहुँच कम हुन्छ र गरिविको दुष्चक्र फसिरहेका हुन्छन् (गुरुङ, २०६५)।

निरङकुश राणा शासनको विरोध गर्ने क्रममा भोजपुर मजुवा बेसिका योगमाया न्यौपानेले आध्यात्मिक धाराबाट राणा शाहीको विरोध गर्दै महिलाहरुको हितको निम्ति कल्याणकारी सामाजिक सुधार होस्, राणाशाही अत्याचारको अन्त्य होस्, पुरोहितवादको अमानवीय चलनको खारेज गरियोस् भन्दै २६८ वटा मागहरु अघि सार्दै राणा शाहीको विरोध गरिन् । योगमायाले सत्य धर्म भिक्षाको नाममा तत्कालीन सरकारलाई २६८ वटा माग सहितको बिन्ति पत्र चढाए पनि बेवास्ता गरियो । उनका मागहरु समाज सुधार र

सामाजिक न्यायको पक्षमा पहिला विधवाको अधिकारको पक्षमा, सामाजिक विसङ्गति, विकृतिका रुपमा रहेका प्रचलन एवम् अन्धविश्वास, घुसखोरीको विरुद्धमा, वनजङ्गल र चरनको सुरक्षाका सम्बन्धमा, जातपातर छुवाछुत, साना ठूलो, माना पाथीको र चर्के ब्याज आदिको नियन्त्रण सम्बन्धमा केन्द्रित थिए । यी मागहरुको कार्यान्वयन पक्षको कुनै सङ्केत नपाएपछि वि.सं. १९९५ मङ्सिरको पूर्णिमाका दिन मजुवामा ठूलो यज्ञको तयारी गरियो । उक्त यज्ञमा योगमाया र उनका २६८ अनुयायीहरुले अग्नि प्रवेश गरी प्राण त्याग्ने निर्णय गरे । तर सरकारले उक्त यज्ञ रोक्ने आदेश दियो । आदेशमा भनिएको थियो भक्ति भनाउँदालाई पार्टीमा राखि कैद परेको भनि सुनाइदिनु र अरुलाई धनकुटा जेलमा थुन्नु । यसरी नेपालको आन्दोलनमा पहिलो जेल पर्ने महिला योगमाया न्यौपाने हुन् । सत्य धर्म भिक्षाको बदलामा जेल भोग्नु परेपछि योगमायाले झनै अन्याय अत्याचार बढेको महसुस गरी धर्म रक्षा नहुन देख्न थालिन् । जुन राज्यमा धर्म र न्याय पाइदैंन र आफूले केही गर्न पाईदैंन भनेसरकारलाई चेतना जगाउनुपर्छ । आफूपछिका सन्ततिले धर्म र न्याय पाउने छन् भन्ने योगमायालाई लाग्यो । त्यसैले उनले र उनका अनुयायीहरुले वि.सं. १९९८ साल असार ३१ शनिवार बिहान उज्यालो नहुँदै हरिशयनी एकादशीका दिन अरुण नदीको उर्लदो भेलमा हाम फाली देह त्याग गरेका थिए (तुम्बाहाम्फे, २०५९) ।

## २.४ अवधारणागत ढाँचा

जैविक दृष्टिकोणको आधारमा पुरुष र महिलाको कार्य विभाजन भएको हुन्छ । प्राकृतिक रूपमा रहेको विभेदलाई आधार लिएर महिलालाई सामाजिक रूपमा विभेद गरिएको छ । यसै कारण महिला हरेक क्षेत्रमा पछाडि परिरहेको छ । यस्तो अवस्थालाई समाधान गर्नका निम्ति र महिलाको स्तर वृद्धि गर्नको लागि समाजले अवसर दिएर मात्र नपुग्ने देखिन्छ । त्यसको लागि समान अवसरको आवश्यकता देखिन्छ । महिला पछाडि पर्नुमा शिक्षालाई लिन सक्छौं भने शिक्षामा कमी हुनुमा सामाजिक, साँस्कृतिक, आर्थिक, लैङ्गिक कारण नै रहेको हुन्छ । त्यसकारण महिलाको स्तर विकास नगर्दासम्म पुर्ण रूपमा सामाजिक विकास हुन सक्दैन । महिला समाजको एउटा पाटो हुनाले महिला शिक्षित भए परिवार पुर्ण रूपमा शिक्षित हुन्छ भने महिलाहरू अशिक्षित भए परिवार र समाज पुर्ण रूपमा अशिक्षित हुन्छ ।


महिलाहरूको शैक्षिक अवस्थामा प्रभाव पार्ने तत्वहरु
सामाजिक पक्ष
उमेर
जातीय विभेद
धर्म, संस्कार
वैवाहिक अवस्था
रूढीवादी समाज
छुवाछुत
आर्थिक पहुँच
पेशा
व्यवसाय
वस्तु किनबेच
बचत
स्वनिर्भरता
कार्य विभाजन
शैक्षिक अवसरको प्राप्ति
प्रौढशिक्षा
उच्च शिक्षा
लैङ्गिक समानता
महिला सशक्तिकरण
बोल्ने बानीमा वृद्धि
निर्णय प्रक्रियामा वृद्धि
बौद्धिक स्तरमा वृद्धि
शिक्षामा वृद्धि
राजनैतिक सक्रियतामा वृद्धि
व्यक्तिगत क्षमतामा वृद्धि

# अध्याय : तीन

# अनुसन्धान विधी

## ३.१ अध्ययन क्षेत्र छनौटको औचित्य

प्रस्तुत अनुसन्धानको क्षेत्र पोखरा महानगरपालिका वडा नं. २५ स्थिति विश्वकर्मा टोलमा अवस्थित क्षेत्रलाई अध्ययनको रूपमा छनोट गरिएको छ । प्रस्तुत महानगरपालिकामा स्थलगत अवलोकन गर्दा उच्च जाती ब्राह्मण र क्षेत्री जातीमा भन्दा विश्वकर्मा जातीका महिलाहरूको शैक्षिक अवस्था कमजोर देखिएको र महिलाहरुको हाल वर्तमान शैक्षिक अवस्था कस्तो छ भनी जान्ने उत्सुकता हुनका साथै पुरुष भन्दा महिलाको शैक्षिक अवस्था कम हुनुमा प्रभाव पार्ने तत्वहरूको अध्ययन गर्ने उत्सुकताले गर्दा प्रस्तुत क्षेत्र छनोट गरिएको हो । अनुसन्धानमा महिलाहरुको वर्तमान शैक्षिक अवस्थाको बारेमा जानकारी लिइएको छ । यसबाट उनीहरूको शैक्षिक अवस्थाको स्थितिलाई उजागर गरिएको छ । प्रस्तुत महिलाहरुको मुख्य पेशा ज्याला मजदुरी रोजगार रहेको छ । उक्त क्षेत्रका महिलाहरुमा पछिल्लो समयमा शिक्षाका साथै विभिन्न संघसंस्थामा आवद्ध भई संघसंस्थाबाट सहयोग प्राप्त गरी शैक्षिक, सामाजिक, आर्थिक सशक्तिकरण भएको छ उनीहरुको बारेमा अहिलेसम्म कुनै अनुसन्धान भएको छैन साथै उनिहरुको अवस्थासँग शोधकर्ता स्वयम् पनि परिचित भएकोले यीनै सन्दर्भमा अध्यनयको औचित्य पुष्टि भएको छ ।

## ३.२ अनुसन्धान ढाँचा

विश्वकर्मा महिलाहरुको सामाजिक अवस्था विश्लेषण गर्नका लागि प्रस्तुत अनसन्धानमा प्राथमिक तथ्याङ्क संकलनबाट समस्याको अनुसन्धान ढाँचाको गहिराइसम्म पुगेर निष्कर्ष निकाल्नको लागि अन्वेषणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ । व्यक्तिगत अध्ययनलाई व्याख्या गर्न विश्लेषणात्मक तथा वर्णनात्मक अनुसन्धान ढाँचा पनि प्रयोग गरिएकोछ । प्रस्तुत अध्ययन क्षेत्रमा महिलाहरुको बारेमा यो भन्दा अगाडि कुनै अध्ययन नगरिएको हुनाले प्रस्तुत अध्ययन आवश्यक रहेको छ । अध्ययन मुख्यत शैक्षिक अवस्था लगायत, आर्थिक, सामाजिक, पारिवारिक विभिन्न पक्षलाई समेत समेटिएको हुनाले अनुसन्धानका विविध पद्दतिलाई अंगीकार गरिएको छ ।

## ३.३ अध्ययनको समग्रता र एकाई

प्रस्तुत अनुसन्धानमा अध्ययन क्षेत्र पोखरा महानगरपालिका वडा नं. २५ मा अवस्थित टोलका महिलाहरुबाट उद्देश्यमुलक नमुना छनोट विधि प्रयोग गरी अध्ययन गरिएको छ । पोखरा महानगरपालिका वडा नं. २५ मा अवस्थित विश्वकर्मा टोलमा विश्वकर्मा जातिको घरधुरी संख्या ५४ मात्र रहेको छ। ५४ घरधुरीको जम्मा जनसंख्या २८३ रहेको छ । जसमध्ये महिलाको संख्या १३५, पुरुषको संख्या १४८ रहेको छ ।१४ देखि ३५ वर्षसम्मका महिलाहरुको संख्या ४१ जना रहेको छ । यही १४ देखि ३५ वर्षसम्मका महिलाहरुलाई नमुना छनोटका रुपमा लिइएको छ। किनकी प्रस्तुत अध्ययन क्षेत्रका जम्मा जनसंख्या समेटेर तथ्याङ्क संकलन गर्न खर्च समय र जनशक्तिको आवश्यकता पर्दछ यसकारण सबै महिलाहरुको प्रतिनिधित्व हुने गरेर सानो अंश जुन १४ देखि ३५ वर्ष सम्मका ४१ जना महिलाहरुलाई नमुना छनोटको रुपमा लिइएको छ । १४वर्षभन्दा तल उमेरका बालबालिकाहरुले प्रश्नको उत्तर पूर्ण रुपमा दिन नसक्ने नाबालिगका रुपमा लिइने हुनाले र ३५ वर्ष भन्दा माथिका महिलाहरु प्राय रुपमा अशिक्षित रहेको हुनाले विशेषगरी नयाँ पुस्ता र मध्य पुस्ताका महिलाहरुलाई नमुना छनोटका रुपमा लिइएको छ।

## ३.४ तथ्याङ्कको प्रकृति तथा स्रोतहरू

प्रस्तुत अध्ययनमा प्राथमिक र द्वितीय स्रोतबाट तथ्याङ्क र सुचनाहरु संकलन गरिएको छ। आवश्यकता असनुसार संख्यात्मक र गुणात्मक तथ्याङ्क संकलन गरिएको छ। मुख्य रुपमा प्राथमिक स्रोतबाट तथ्याङ्क संकलन गर्नका लाीग व्यक्तिगत अध्ययन, अर्न्तवार्ता, अवलोकन विधि अपनाइएको छ । प्राथमिक स्रोत अन्तर्गत कार्यक्षेत्र अध्ययन, अर्न्तवार्ता, अवलोकन आदि पर्दछन् भने द्वितिय स्रोत अन्तर्गत अध्ययनसँग सम्बन्धित विभिन्न लेख, रचना, जर्नल, पुस्तक तथा अन्य सम्बन्धित स्रोतहरुको सहयोग लिइएको छ।

## ३.५ तथ्याङ्कको संकलन विधि

अध्ययन अनुसन्धान कार्य सम्पन्न गर्दा विभिन्न किसिमका तथ्याङ्कका संकलन विधिहरू अवलम्बन गरिएको हुन्छ। प्रस्तुत अध्ययनमा प्राथमिक र द्वितिय स्रोतलाई आधार मानिएको छ । प्राथमिक स्रोत अन्तर्गत अर्न्तवार्ता अनुसूचीअवलोकन र व्यक्तिगत अध्ययन

मार्फतसूचना संकलन गरिएको छ । अनुसन्धानको आवश्यकता अनुसार धेरै प्राथमिक र द्वितीय स्रोतका आधारमा तथ्याङ्क संकलन गरिएको छ ।

### क) अर्न्तवार्ता अनुसूची

प्रस्तुत अध्ययनमा अध्ययन क्षेत्रमा गई नमुना छनोटका महिलाहरूलाई अन्तर्वार्ता अनुसूची गराइएको छ । यसमा संरचित र अंसरचित दुवै खाले प्रश्नहरू समावेश गराइएको छ । प्रत्येक महिलाहरूबाट आएको सूचनालाई तुलना गरेर मात्र मुख्य सामग्रीको रूपमा प्रयोग गरिएको छ । अर्न्तवार्ताको लागि प्रश्नहरुको सूची तयार पारिएको छ उक्त प्रश्नहरुको सूचीलाई अनुसूचीमा प्रस्तुत गरिएको छ ।

### ख) अवलोकन विधि

प्रस्तुत अध्ययनमा अनुसन्धानकर्ता स्वयम् अध्ययन क्षेत्र नजिक बसोबास गर्ने भएकाले उक्त क्षेत्रका महिलाहरुसँग प्रत्यक्ष भेटघाट गरी सुचना लिइएको छ । उक्त अवलोकन विधिबाट महिलाहरुको शैक्षिक, आर्थिक, सामाजिक, साँस्कृतिक, धार्मिक क्रियाकलाप सम्बन्धी अध्ययन गरिएको छ । यसबाट महिलाहरुको शैक्षिक अवस्थाको प्रभावको बारेमा थप बुझ्न सहयोग पुऱ्याएको छ ।

### ग) व्यक्तिगत अध्ययन

व्यक्तिगत अध्ययन गर्नुको उद्देश्य पनि समग्रमा मुल उद्देश्यलाई अझ छर्लङ्ग र प्रष्ट पार्नको लागि गरिएको छ । प्रस्तुत अध्ययनको लागि छनोटमा परेका महिलाहरूबाट छनोट गरी व्यक्तिगत विवरण तयार गरिएको छ । जसमा फरक-फरक पृष्ठभुमिका महिलाहरू छनोट गरी व्यक्तिगत विवरण तयार गरिएको छ । जम्मा पाँच जना महिलाहरु मात्र छनोट गरी उनीहरुको व्यक्तिगत अध्ययन गरिएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण एवम् प्रस्तुतीकरण

अध्ययनको उद्देश्य अनुसार संकलित सूचनालाई संख्यात्मक र गुणात्मक तथ्याङ्क अनुसार व्याख्या र विश्लेषण गरिएको छ । संख्यात्मक तथ्याङ्कलाई तालिका प्रतिशत प्रयोग गरेर विश्लेषण गरिएको छ । आवश्यकता अनुसार तथ्याङ्कको व्याख्या र विश्लेषण पनि गरिएको छ । त्यसैगरी गुणात्मक तथ्याङ्कलाई डकुमेन्ट व्यक्तिगत अध्ययन प्रयोग गरेर विश्लेषण गरिएको छ ।

# अध्याय : चार

# अध्ययन क्षेत्रको परिचय

## ४.१ अध्ययन क्षेत्रको भौगोलिक, सामाजिक तथा जनसाङ्ख्यीक विशेषता

नेपाललाई ७ प्रदेश र ७७ जिल्लामा विभाजन गरिएको छ । जसमध्ये गण्डकी प्रदेशमा पर्ने कास्की जिल्लामा १ महानगरपालिका ४ गाउँपालिका र ३ निर्वाचन क्षेत्र रहेका छन् । कास्की जिल्ला, पोखराको उत्तर पश्चिममा पोखरा महानगरपालिका वडा नं. २५ अर्न्तगत हेम्जा भन्ने ठाउँ रहेको छ । २०१४ सालमा हेम्जालाई पोखरा महानगरपालिका वडा नं. २७ मा गाभिएको थियो भने अहिले पोखरा महानगरपालिका वडा नं. २५ अन्तर्गत रहेको छ । २०११ को जनगणना अनुसार हेम्जामा ३०१९ घरपरिवारमा १२२७२ जनसङख्या रहेको छ ।हेम्जालाई रमणीय ठाउँका रुपमा लिन सकिन्छ पोखरा बाग्लुङ्ग राजमार्ग, हेम्जाको विचबाट गएको छ । जसले अन्य गाउँपालिका र नगरपालिकालाई जोड्ने कार्य गरेको छ । यस नगरपालिकालाई याम्दी पुलले छुट्याएको छ । र यहाँ सबै विकासका पुर्वाधारहरुको राम्रो पहुच रहेको छ । जस्तै शिक्षा, स्वास्थ्य,विजुली, सडक, खानेपानी आदीको राम्रो सुविधा रहेको छ । पर्यटकीय रुपमा बन्जी जम्प, जिप फाल्इङ, रापि‍टङ, मनमोहक हिमालय दृश्यहरु आदि रहेको छ । यस क्षेत्रलाई कृषि क्षेत्रका रुपमा पनि लिइन्छ । विशेषगरी आलु, मकै, काका, गोलभेडा बढि मात्रामा उत्पादन हुने हुनाले अन्य शहरी क्षेत्रमा समेत डेलिभरी गरिन्छ । (Nepal Census, 2001)

पोखरा महानगरपालिकामा विभिन्न जातजातिहरुको बसोबास रहेको छ । विशेष गरी, बाह्मण, क्षेत्री, नेवार, गुरुङ्ग, मगर, छन्तयाल, कामी, दमाई, सार्की, गायक आदी रहेका छ । जसमध्ये विश्वकर्मा जातिहरुको छुट्टै विश्वकर्मा टोल रहेको छ ।उक्त टोलमा ५४ वटा घरधुरी रहेका छ भने जम्मा जनसङख्या २८३ जना रहेका छ, जहाँ महिलाको संख्या १३५ र पुरुषको संख्या १४८ जना रहेको छ । विश्वकर्मा टोल विश्वकर्मा जातिहरुको पुखौलि थलो हो । विश्वकर्मा जातिहरुको मुख्य काम वा पुर्खाले गर्दै आइरहेका कामका रुपमा हलो जोत्ने, हसिया बनाउने, मेलापात गर्ने रहेको छ । तर वर्तमान समयमा एक दुई जना बाहेक अन्य सबै जनाले पुर्खाको कामलाई छाडेका छन् । समाज परिवर्तन सगँसगै सबैजना शिक्षित हुदै गएको हुनाले धेरै आयआर्जन गर्न सकिने काममा संलग्न भएका छन् । अध्ययन क्षेत्रमा

शिक्षा,स्वास्थ्य,विजुली, सडक, खानेपानी आदीको राम्रो सुविधा रहेको छ । अन्य ठाउँका दलित जातिहरु भन्दा विश्वकर्मा जातीहरु बढि शिक्षित, आर्थिक स्तर माथी भएका मध्ये मानिन्छ । यसकारण परिवारमा र समाजमा महिला र पुरुषबिचमा कसैलाई पनि शिक्षा प्राप्ति वा अन्य विभिन्न अवसरहरु बाट बञ्चित गरेको पाइदैन ।

## ४.२ संस्कृति तथा चाडपर्वहरु

धर्म संस्कृति आस्था र विश्वास हो । मानव जातिले आफ्नो आवश्यकता र आत्म आनन्दका लागि परम्परादेखि नै अवलम्वन गर्दै आएको एउटा सामाजिक तथा सांस्कृतिक व्यवहार हो । जसलाई पछिका पुस्ताहरुले कतिपये जस्ताको तस्तै आत्मसात् गर्दै आएका छन् भने कतिपयले समयअनुसार परिवर्तन गर्दै आइरहेको छन् । संस्कृति भनेको समाजको गहना हो, अथवा मानविय तथा अभौतिक वस्तु, चिज तथा अवधारणालाई संस्कृति भनिन्छ । धार्मिक रुपबाट समानता देखिए तापनि आ-आफ्नो जातअनुसार विभिन्न संस्कार, परम्परा, रितिरिवाज, चाडपर्व आफ्नै तरिकाले मान्दै र अवलम्वन गर्दै आइरहेका छन् । धार्मिक रुपबाट हेर्दा विश्वकर्मा जातिहरु अधिकांश रुपमा हिन्दु धर्मप्रति आस्थावान देखिन्छन् भने कोही ईसाई धर्म पनि अवलम्वन गरेको देखिन्छ । हिन्दु धर्म मान्ने मानिसहरु दशै, तिहार, माघेसक्रान्ति, तिज, शिवरात्री, चैते दशै आदी विभिन्न पर्वहरु मनाउने गर्दछन् । ईसाई धर्म मान्नेहरुले क्रिसमस जस्ता विभिन्न पर्वहरु मान्ने गर्दछन् ।

## ४.३ धार्मिक विश्वास र दलित महिला

धर्म एक अध्यात्मिक विश्वास हो, जहाँ पवित्र र अपवित्र प्रतिको धारणाको विकास गरिएको हुन्छ । मानवले वैयक्तिक र सामाजिक गरी दुई प्रकारको जीवन व्यतित गरेको हुन्छ । व्यक्तिगतजीवनमा मानवलाई खासै आनन्द मिल्दैन र त्यो जीवन निराश जस्तो लाग्छ, तर सामाजिक जीवनमा प्रवेश गर्दा उसलाई आनन्द अनुभव हुन थाल्दछ त्यसमा भिन्न उत्साह हुन्छ । धार्मिक विश्वासलाई नेपालकोसन्दर्भमा हेर्दा नेपालमा विभिन्न जात अनुसारका आ-आफ्नै धर्म, संस्कृति र विश्वास रहेको छ र २०६८ को जनगणना अनुसार नेपालको कुल जनसंख्याको ८१.३ प्रतिशत हिन्दु धर्म मान्ने मानिसहरु रहेको छन् । हिन्दु धर्म बाहेक बौद्ध, ईसाई, किरात, जैन, शिख आदि धर्म मान्ने मानिसहरु रहेका छन् । हिन्दु धर्म मान्ने र हिन्दु धर्म प्रति आस्था राख्ने महिला बढि रहेको पाइएको छ भने ईसाई धर्म

मान्ने कम रहेको छ । प्रस्तुत अध्ययन क्षेत्रकोधार्मिक विश्वासका आधारमा उत्तरदाताको विभाजनलाई तालिका नं.४.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१: धार्मिक विश्वासका आधारमा उत्तरदाताको विवरण**

| धर्म | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| हिन्दु | ३९ | ९५.१२ |
| ईसाई | २ | ४.८८ |
| जम्मा | ४१ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण २०७८*

तालिका नं.४.१ मा प्रस्तुत तथ्याङकलाई अध्ययन गर्दा हिन्दु धर्म मान्नेको संख्या ३९ जना रहेको पाइयो भने ईसाई धर्म मान्नेको संख्या २ जना रहेको पाइयो, जहाँ हिन्दु धर्म मान्ने धेरै महिलाहरु रहेको पाइयो । परम्परागत रुपमा आफ्नो पुर्खाहरुले हिन्दु धर्मलाई मान्दै आएको हुनाले र हिन्दु धर्मप्रति आस्था र विश्वास बढी रहेको हुनाले हिन्दु धर्म मान्ने महिलालाई बढी रहेको पाइयो । हिन्दु धर्म मान्ने महिलाहरुले दशै, तिहार, तिज, शिवरात्री जस्ता पर्वहरुलाई उत्साहका साथ मनाउने गरेको पाइयो ।

## ४.४ भाषागत अवस्था

भाषा एक सञ्चारको महत्वपुर्ण माध्यम मानिन्छ । भाषाको माध्यमबाट नै एक व्यक्तिले गरेका अभिव्यक्तिहरु अर्को व्यक्तिलाई बुझाउने र बुझ्ने काम गर्दछ । हरेक मानिसको पहिलो भाषा परिवारबाट नै सुरु हुन्छ । जसले गर्दा परिवारमा जुन भाषाको प्रयोग गरिन्छ, त्यहि भाषा नै बालबाललिकाले बोल्ने गर्दछन् । भाषा बिना मानिसले आफ्नो क्रिया र प्रतिक्रिया अभिव्यक्त गर्न सक्दैन । हालसम्म नेपालमा मुख्य १२२ वटा भाषा रहेका छन् जस्तै नेवारी, नेपाली, तामाङ, गुरुङ, मगर आदि नेपालमा सबैभन्दा धेरै बोलिने भाषा नेपाली रहेको छ । नेपालमा बोलिने सबै मातृभाषाहरुलाई राष्ट्रभक्त र नेपाली भाषालाई सरकारी कामकाजको भाषा भनी उल्लेख गरेको छ । प्रस्तुत अध्ययन क्षेत्रका सबै महिलाहरुले बोल्ने भाषा र मातृभाषाका रुपमा शुद्ध नेपाली भाषा मात्र रहेको पाइयो । जहा ४१ जना महिलाहरुले नेपाली भाषा बाहेक अरु भाषा बोल्ने जान्ने पाइएको छैन ।

परम्परागत रुपमा नै नेपाली भाषालाई प्राथमिकता दिई बोल्दै आएको हुनाले नेपाली भाषा मात्र बोल्ने महिलाहरु रहेको पाइयो ।

## ४.५ उमेरको अवस्था

उमेर समयको अन्तर थाहा पाउने एउटा माध्यम हो । जसले गर्दा व्यक्ति कति वर्षको भयो, कुन ठुलो कुन सानो छ भन्ने कुरा थाहा पाउन सकिन्छ । विभिन्न उमेर अनुसार नै मानिसको व्यवहार र क्रयाकलाप पनि फरक-फरक हुने गर्दछ । नेपालको कानुनले हरेक कार्यमा उमेर अनुसारको सिमा तोकिदिएको छ । जस्तै १८ वर्ष भन्दा कम उमेरका बालबालिकालाई नावालक भनेको छ २० वर्ष भन्दा कम उमेरको विवाहलाई बालविवाह भनी परिभाषित गरिएको छ । नेपालमा उमेरलाई ३ तहमा वर्गिकरण गरिएको छ १ देखि १४ वर्षसम्मका, १५ देखि ६४ वर्षसम्मका र ६५ वर्षभन्दा माथिको उमेर समुहमा छुट्याइएको छ । प्रस्तुत अध्यनय क्षेत्रका महिलाहरुको उमेरको अवस्थालाई तालिका ४.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.२ : उमेरका आधारमा उत्तरदाताको विभाजन**

| उमेर | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| १४-२० | १२ | २९.२८ |
| २०-२५ | ८ | १९.५१ |
| २५-३० | १४ | ३४.१४ |
| ३०-३५ | ७ | १७.०७ |
| जम्मा | ४१ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण २०७८*

तालिका नं.४.२ प्रस्तुत तथ्याङकलाई अध्ययन गर्दा १४-२० वर्ष उमेर समुहका १२ जना, २०-२५ वर्ष उमेर समुहका ८ जना, २५-३० वर्ष उमेरका समुहका १४ जना र ३०-३५ वर्ष उमेरका ७ जना रहेको पाइयो । जहाँ २५-३० वर्ष उमेर समुहका महिला संख्या सबैभन्दा बढि १४ जना रहेको पाइयो । प्रस्तुत अध्ययन क्षेत्रमा उद्देश्यमुलक नमुना छनोटका रुपमा १४-३५ वर्षसम्मका ४१ जना महिलाहरुलाई छनोट गरिएको छ । किनकी १४ वर्ष भन्दा तलका बालबीलकाहरुले प्रश्नको उत्तर राम्रोसँग भन्न र बुझ्न नसक्ने र ३५

वर्ष भन्दा माथिका महिलाहरु प्राय सबै अशिक्षित रहेको हुनाले १४-३५ वर्ष सम्मका महिलाहरुलाई छनोट गरिएको छ। जुन विभिन्न उमेर समुहमा रहको पाइयो ।

## ४.६ महिलाको वैवाहिक अवस्था

विवाह सार्वभौमिक सामाजिक संस्था हो । विवाह पश्चात महिला र पुरुष दुवै भुमिका र अवस्थामा परिवर्तन आउँछ । विवाहले महिलालाई एक छोरीको रुपबाट पत्नि, बुहारी, आमाको रुपमा परिणत गर्दछ । विवाह पश्चात महिलाहरुको भुमिकामा परिवर्तन ल्याई उनिहरुको कर्तव्य र कामको भुमिका बढाउँछ । जसका कारण विवाह पश्चात महिलाले पढ्ने अवसर कम पाएको अर्थात पढाईलाई निरन्तरता दिन सकेका हुदैन्न । नेपालको कानुनले विवाहको सिमा तोकिदिएको छ। २० वर्ष भन्दा कम उमेरको विवाहलाई बालविवाह भनी परिभाषित गरेको छ ।जसमा कानुनी मुद्धा समेत लाग्दछ। प्रस्तुत अध्ययन क्षेत्रका महिलाहरुको वैवाहित अवस्थालाई तालिका ४.३ मा प्रस्तुत गरिएको छ।

**तालिका ४.३ : वैवाहिक अवस्थाको आधारमा उत्तरदाताको विवरण**

| अवस्था | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| विवाहित | २४ | ५८.५३ |
| अविवाहित | १७ | ४१.४७ |
| जम्मा | ४१ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण २०७८*

तालिका नं. ४.३ मा प्रस्तुत तथ्याङकलाई अध्ययन गर्दा विवाहित महिलाको संख्या २४ जना र अविवाहित महिलाको संख्या १७ जना रहेका छन् । जहाँ विवाहित महिलाको संख्या सबैभन्दा बढि २४ जना रहेको पाइयो। नेपालको कानुनले २० वर्ष भन्दा कम विवाह गर्न बन्देज लगाएको र अध्ययन क्षेत्रमा २० वर्षभन्दा कमी १२ जना (तालिका नं. ४.२) रहेकोले अविवाहितको संख्या पनि उल्लेख रहेको पाइएको छ।

# अध्यायः पाँच

# विश्वकर्मा महिलाहरुको शिक्षामा पहुँच तथात्यसप्रतिको दृष्टिकोण

विगतमा विश्वकर्मा जातिलाई एक पिछडिएकी जातिको रुपमा देखिन्थ्यो । त्यसमा पनि महिलाको स्थिति हरेक क्षेत्रमा कमजोर नै रहेको थियो । शैक्षिक पक्ष पनि अन्यत कमजोर रहेको थियो । प्रायजसो विद्यालय नै नजाने, गएपनि बिचैमा विद्यालय छाड्ने, सानै उमेरमा विवाह बन्धनमा बाधिनुपर्ने र बच्चाको आमा भई हाल्ने, परिवारको जिम्मेवारी आफ्नै काँधमा लिनुपर्ने साथै जनचेतनाको अभाव, आर्थिक विपन्नता, गरिबि र विभिन्न पारिवारिक कारणले गर्दा महिलाहरुको जीवनमा ठुलो प्रभाव परिरहेको थियो, जसकारण शिक्षाको पहुँच कमजोर रहेको थियो । वर्तमान समयमा सबै महिला तथा परिवारहरुको शिक्षाप्रति सोचमा सकरात्मक परिवर्तन आएको हुनाले धेरै महिलाहरु शिक्षित रहेका छन् । शिक्षाप्रतिको सकरात्मक चेतनाको विकास भएसँगै छोराछोरीमा कुनै प्रकारको विभेद भएको पाइदैन । दुवैलाई बराबर शिक्षाको पहुँच रहेको छ । शिक्षाबाट महिलाहरुले आफ्नो व्यक्तित्व विकास गर्ने, पढ्न, लेख्न जान्ने, आफ्ना छोराछोरीलाई पढाउन सक्ने, नोकरी गर्न सक्ने र घरको आर्थिक अवस्था धान्न सक्ने र आफ्ना आवश्यकताहरु पुरा गर्न सक्ने भएका छन् । जसकारण शिक्षालाई जीवन परिवर्तनको मुख्य आधारको रुपमा लिन सकिन्छ ।

## ५.१ शिक्षामा दलित महिलाको पहुँचर शैक्षिक स्तर

शिक्षा भनेको जीवनपर्यन्त चलिरहने प्रकृया हो । जन्मेदेखि मृत्युपर्यन्त प्राप्त गरिने सम्पुर्ण अनुभव शिक्षा हो । आजको वर्तमान समयमा शिक्षाविना जीवन अधुरो रहेको छ । यसकारण शिक्षाको पहुँच सबै वर्ग, जात, जाति, क्षेत्र सबैमा समान किसिमको शिक्षाको पहुँच हुनुपर्दछ । नेपालको संविधानमा शिक्षा सम्बन्धी हकको व्यवस्था गरिएको छ । जसमा प्रत्येक नागरिकलाई आधारभुत शिक्षामा पहुँचको हक हुनेछ, भन्ने व्यवस्था गरिएको छ प्रस्तुत अध्ययन क्षेत्रमा महिलाहरुको शैक्षिक पहुँच र शैक्षिक स्तरकोविभाजनलाई तालिका ५.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.१: शिक्षामा दलित महिलाहरुको पहुँच र शैक्षिक स्तरका आधारमा उत्तरदाताको विभाजन**

| शैक्षिक पहुँच | महिला | प्रतिशत |
|---|---|---|
| प्राथमिक तहसम्म | ३ | ७.३१ |
| निम्न माध्यामिक तहसम्म | १० | २४.३९ |
| माध्यामिक तहसम्म | ११ | २६.८२ |
| उच्च माध्यामिक तहसम्म | ९ | २१.९५ |
| उच्च शिक्षा | ८ | १९.५३ |
| जम्मा | ४१ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७८*

तालिका नं.५.१ मा प्रस्तुत तथ्याङकलाई अध्ययन गर्दा प्राथमिक तहसम्म अध्ययन गर्ने महिलाहरुको संख्या ३ जना, निम्न माध्यामिक तह सम्मका १० जना, माध्यामिक तहसम्मका ११ जना, उच्च माध्यामिक तहसम्मका ९ जना, उच्च शिक्षा सम्मका ८ जना रहेको पाइएको छ । सबैभन्दा धेरै माध्यामिक तहसम्म अध्ययन गर्ने११ जना रहेका छन्, उक्त तथ्याबाट के बुझ्न सकिन्छ भने महिलाहरुको शिक्षाप्रतिको चेतनाको विकाससँगसँगै घरपरिवारबाट गरिने लैङ्गिक भेदभावको कमीले गर्दा महिलाहरुको शैक्षिक स्तरमा वृद्धि हुँदै गएको छ । माध्यामिक तहसम्म अध्ययन गर्ने महिलाहरुले पढ्न, लेख्न, छोराछोरी पढाउन, मोबाइल चलाउन, हिसाब किताब गर्न सक्षम भएको पाइएको छ ।

## ५.२ विद्यालयको प्रकृति र महिलाहरुको पहुँच

शिक्षा प्राप्त गर्न पाउनु सबैको अधिकार हो तर सबैले समान शिक्षा प्राप्त गरेको हुदैनन् । विभिन्न विद्यालयबाट शिक्षा प्राप्त गरेको पाइन्छ । सामान्यता सरकारी र निजी गरी विद्यालयललाई दुई तरिकाले विभाजन गरेको पाइन्छ । आर्थिक स्थिति राम्रो हुने परिवारले आफ्ना छोराछोरीलाई निजी विद्यालय पढाउछन् भने आर्थिक स्थिति अलि कमजोर हुने परिवारले आफ्नो छोराछोरी सरकारी विद्यालयमा पढाएको पाइन्छ । सरकारी विद्यालयको पढाईलाई कमसल मानिन्छ भने निजी विद्यालयको पढाईलाई राम्रो मान्ने प्रचलन पनि

चलिआएको पाइन्छ । प्रस्तुत अध्ययन क्षेत्रमा उत्तरदाताहरुको विद्यायको प्रकृति र पहुँचको अवस्थालाई तालिका ५.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.२ : विद्यालयको प्रकृतिका आधारमा उत्तरदाताको विवरण**

| विद्यालयको प्रकृति | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| सरकारी | ३० | ७३.१७ |
| निजी | ११ | २६.८३ |
| जम्मा | ४१ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण २०७८*

तालिका नं. ५.२ मा प्रस्तुत तथ्यांकलाई अध्ययन गर्दा सरकारी विद्यालय पढेका वा पढ्दै गरेका महिलाहरुको संख्या ३० र निजी विद्यालय पढेका वा पढ्दै गरेका महिलाहरुको संख्या ११ जना रहेका छन् । धेरै महिलाहरु सरकारी विद्यालयबाट पढेका वा पढ्दै गरेको देखियो । प्रायजसो महिलाहरुको पारिवारिक आर्थिक अवस्था कमजोर रहेको हुनाले महिलाहरु सरकारी विद्यालयमा नै अध्ययन गरेका वा गरिरहेका छन् । ज्यालामजदुरी, सामान्य रोजगारी जस्ता पारिवारिक आर्थिक स्रोतका माध्यम भएका महिलाहरु सरकारी विद्यालयमा अध्ययन गरेका छन् । आर्थिक अवस्था राम्रो हुने परिवारले छोराछोरीलाई निजी विद्यालय र आर्थिक अवस्था कमजोर हुने परिवारले छोराछोरीलाई सरकारी विद्यालयमा पढाएको पाइयो ।

## ५.३ पढाईमा निरन्तरता र विच्छेद

शिक्षा भनेको ज्ञान आर्जन गर्नु हो । शिक्षा प्राप्त गर्न पाउनु सबै नागरिकको नैसर्गिक अधिकार हो । नेपालको संविधान धारा ३१ मा शिक्षा सम्बन्धी हकको व्यवस्था गरिएको छ । जस अनुसार प्रत्येक नागरिकलाई आधारभुत शिक्षाको पहुचको हक हुनेछ जुन अनिवार्य र निशुल्क हुनेछ भने माध्यामिक तहसम्मको शिक्षा निशुल्क पाउने हक हुनेछ भनी व्यवस्था गरिएको छ । प्रस्तुत अध्ययन क्षेत्रका महिलाहरुको पढाईमा निरन्तरता र विच्छेदको अवस्थालाई तालिका ५.३ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.३ : पढाईको निरन्तरता र विच्छेदका आधारमा उत्तरदाताको अवस्था**

| पढाईका प्रकारहरु | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| पढाई छाडिसकेका | २३ | ५६.१० |
| पढाई निरन्तरता | १८ | ४३.९० |
| जम्मा | ४१ | १०० |

*स्रोतः स्थलगत अध्ययन, २०७८*

तालिका नं.५.३ मा प्रस्तुत तथ्याङ्कलाई अध्ययन गर्दा पढाईलाई निरन्तरता दिएका महिलाहरुको संख्या १८ जना र पढाई छाडिसकेका महिलाहरुको संख्या २३ जना रहेका छन् । सबैभन्दा धेरै पढाई छाडिसकेको महिला २३ जना रहेको पाइयो ।दलित महिलाहरुको शैक्षिक स्थिति अन्य जाति भन्दा पछाडि नै रहेको देखिन्छ । किनकी चेतनाको कमि, कमजोर आर्थिक स्थिति, अशिक्षित परिवार सानै उमेरमा विवाह घरायसी र पारिवारिक समस्याका कारणले अध्ययनलाई निरन्तरता दिन नसकि बिचबाट नै अध्ययन छाडेकाछन् भने कमै मात्रामा महिलाहरुले पढाईलाई निरन्तरता दिई नोकरीसँगसँगै घरायसी व्यवहार गर्दै आइरहेका छन् ।

**वैयक्तिक अध्ययन १**

*पवित्रा बि.क. (नाम परिवर्तन) २५ वर्षकी विवाहित महिला हुन् । उनी स्नातकोत्तर पहिलो वर्षमा पृथ्वीनारायण क्याम्पसमा अध्ययनरत छिन् । उनको जन्म पोखरा महानगरपालिका वडा नं. १९ लामाचौरमा भएको हो । २२ वर्षमा Bachelor पढ्दा पढ्दै घरपरिवारबाट नै मागी विवाह भएको हो । अहिले उनको परिवारमा ७ जना सदस्य रहेका छन् । भाषा नेपाली र धर्म हिन्दु रहेको छ । घरको मुख्य सदस्यका रुपमा बुबा हुनुहुन्छ । बुबा घरायसी निर्माण कार्यको ठेकेदार हुनुहुन्छ भने श्रीमान र देवर वैदेशिक रोजगारमा गएका हुनाले उनको परिवारलाई आर्थिक रुपमा उच्च स्तरमा लिइन्छ जसकारण आर्थिक आम्दानीले घरको अवस्थालाई सजिलै धान्न सकिने रहेको छ ।*

*उनी सुरुदेखि नै सरकारी विद्यालयमा अध्ययन गर्दै आएकी र उनका दाजुभाइ पनि सरकारी विद्यालयमा नै पढेको रहेछन् । घरको अन्य सेवा सुविधामा र हक अधिकारमा छोराछोरी बिच समान रहेको छ । उनको पढाईको लक्ष्य सरकारी जागिर रहेको छ ।*

*सरकारी सेवा सुविधा राम्रो हुने, राम्रो आम्दानी हुने, काममा सहजता हुने हुनाले सरकारी जागिरलाई प्राथमिकता दिएकी छिन् ।*

*विवाह पश्चात् पनि पढाइलाई निरन्तरता दिनु पर्छ भन्ने परिवारमा चेतनाको विकास, शिक्षित परिवार, असल श्रीमान भएको कारणले शिक्षालाई निरन्तरता दिन सकिरहेकी छिन् । उनी पहिला विद्यालयमा पढाउने नोकरी गर्ने थिइन भने अहिले पढाइलाई बढि समय दिन पर्ने भएर पढाउने जागिर छाडी अध्ययनलाई नै निरन्तरता दिएकी छिन् । उनी विभिन्न संघसस्थामा आवद्ध रहेकी छिन् र तालिम पनि लिएकी छिन् । सरकारी संस्थाबाट आएको सिलाईबुनाई र मन्टेश्वरी तालिम लिएकी छिन् । यसबाट उनलाई व्यक्तित्व विकासमा र सिप विकासमा सहयोग पुगेको छ ।*

*कतिपय विवाहित महिला विवाह पश्चात् पढाईलार्य निरन्तरता दिएका छैन्न जुन थोरै मात्रामा मात्र रहेका छन् । यसकारण हरेक परिवारले महिला शिक्षालाई बुझ्न जरुरी रहेको र राज्यबाट पनि महिलाको शिक्षाप्रति जनचेतनाका कार्यक्रम गर्ने, गरिब महिलाको लागि निशुल्क शिक्षा प्रदान गर्ने र आर्थिक सहयोग गर्न सकेमा नारी शिक्षा प्राप्तिमा सबैको समान पहुँच पुग्ने भन्ने उनको धारणा रहेको छ ।*

## ५.४ शैक्षिक लक्ष्य र दलित महिला

शिक्षा प्राप्त पश्चात् सबै मानिसको कुनै न कुनै शैक्षिक लक्ष्य रहेको हुन्छ । जस्तै डाक्टर, पाइलट, इन्जिनियर, शिक्षक आदि अध्ययन पुरा गरेर लक्ष्यमा पुग्नुनै अध्ययनको वास्तविक अर्थ रहन्छ । लक्ष्य प्राप्त गर्नको लागि अध्ययनलाई पुर्णता दिनुपर्छ । यसकारण हरेक मानिसको कति सम्म पढ्ने, के गर्ने भन्ने शैक्षिक लक्ष्य रहेको हुन्छ । प्रस्तुत अध्ययन क्षेत्रका महिलाहरु अध्ययनलाई निरन्तरता दिएका जम्मा १८ जना (तालिका ५.३) रहेको छ । उत्तरदाताहरुको शैक्षिक लक्ष्य को आधारलाई तलको तालिका ५.४ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.४ : शैक्षिक लक्ष्यका अधारमा उत्तरदाताको विवरण**

| लक्ष्य | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| १० + २ | ६ | ३३.३३ |
| स्नातक | १० | ५५.५५ |
| स्नातकोत्तर | २ | ११.१२ |
| जम्मा | १८ | १०० |

*स्रोतः स्थलगत अध्ययन, २०७८*

तालिका नं. ५.४ मा प्रस्तुत तथ्यांकलाई अध्ययन गर्दा१० + २  सम्म पढ्ने लक्ष्य भएका महिलाहरु ६ जना, स्नातक सम्म पढ्ने बिचार भएका महिलाहरु १० जना र स्नातकोत्तर सम्म पढ्ने लक्ष्य भएका २ जना महिलाहरु रहेका छन् । जहाँ स्नातक सम्म पढ्ने लक्ष्य भएका महिलहरु सबै भन्दा धेरै १० जना रहेका छन् । महिलाहरु पढेर जागीर गर्न सक्ने राम्रो अवसर प्राप्त गर्न सक्ने, सबै कार्यमा सक्षम हुन सक्ने, ठुलो देशमा कमाई गर्न जान सकिने, पुरुषको कमाईमा आश्रीत हुन नपर्ने हुनाले प्राय महिलाहरु स्नातक सम्म पढ्ने लक्ष्य राखेको पाइयो ।

**वैयक्तिक अध्ययन २**

*सृष्टि बि.क. (नाम परिवर्तन) १४ वर्षकी अविवाहित महिला हुन् । उनको जन्म पोखरा महानगरपालिका वडा नं. २५ हेम्जामा भएको हो । उनको परिवारमा ९ जना सदस्य रहेका छन् । घरको प्रमुख बुबा हुनुहुन्छ । उनी अहिले ८ कक्षामा पढ्दै छिन् । उनी स्नातकसम्म पढ्ने सोचमा रहेकी छिन् । उनले निजी विद्यालयमा अध्ययन गर्दै गरेकी र उनका दाजुभाई पनि निजी विद्यालयमा अध्ययनरत रहेका छन् । उनी पढेर विदेश जाने सोचमा रहेकी छिन् । उनी विश्वकर्मा टोलका उच्च घरपरिवारबाट हुर्किएकी हुन् । उनका दाजु वैदेशिक रोजगार र बुबा घर निर्माण व्यवसायी रहेका छन् ।*

*उनले घरपरिवारबाट शिक्षा प्राप्तिमा कुनै भेदभाव नरहेको बताएकी छिन् । छोराछोरी बिच कुनै भेदभाव नरहेको हुनाले सबै अवसर र स्वतन्त्रता प्राप्त गरेकी छिन् । सबै कुराहरुमा लैङ्गिक समानता रहेको छ । सबै नारीले शिक्षा प्राप्त गरेका छैनन् । यसमा नारी आफै कमजोर सोच्ने हुनाले नारी शिक्षा पछाडि रहेको भन्ने धारणा राखेकी थिइन् । त्यसका लागि राज्यले नारी शिक्षा प्रतिको जनचेतना जगाउने, गरिब महिलाहरुको लागि*

*आर्थिक सहयोग गर्ने, आत्मविश्वास जगाउने कार्य गरेमा विश्वकर्मा महिला तथा नारी शिक्षामा अझ प्रगती हुने थियो भन्ने धारणा व्यक्त गरेकी छिन् ।*

## ५.५ परिवारका दाजुभाई पढ्ने विद्यालयको प्रकृति

शिक्षा प्राप्त गर्न पाउनु सबै नागरिकको  नैसर्गिक अधिकार हो, तर विभिन्न कारणले सबै नागरिकले समान शिक्षा प्राप्त गर्न सकेका छैन जसकारण पढाईबाट बञ्चित भएका छन् । नेपालको साक्षरता दरलाई हेर्दा महिलाभन्दा पुरुषको साक्षरता दरबढी रहेको पाइन्छ । किनकी नेपाल एक पितृसत्तात्मक देश भएका कारणले छोराछोरीलाई शिक्षा प्राप्तीमा भेदभाव गरी छोरालाई निजी विद्यालय र छोरीलाई सरकारी विद्यालयमा पढाएको पाइन्छ । वर्तमान समयमा भने छोराछोरी बिचको भेदभावमा कमी आएको पाइन्छ । फलस्वरुप छोराछोरी दुवैलाई एउटै वा समान विद्यालयमा पढाएको पाइन्छ । प्रस्तुत अध्ययन क्षेत्रका उत्तरदाताको परिवारकादाजुभाई पढने विद्यालयको प्रकृतिलाई  तालिका नं. ५.५ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.५ : पारिवारका दाजुभाई पढ्ने विद्यालयको आधारमा उतरदाताको विवरण**

| विद्यालयको प्रकार | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| सरकारी | २७ | ६९.२३ |
| निजी | १२ | ३०.७७ |
| जम्मा | ३९ | १०० |

*स्रोतः स्थलगत अध्ययन, २०७८*

तालिका नं. ५.५ मा प्रस्तुत तथ्याङ्कलाई अध्ययन गर्दा विश्वकर्मा महिलाहरुका पारिवारका दाजुभाईसरकारी विद्यालयमा पढ्ने २७ जना, निजी विद्यालयमा पढ्ने १२ जना रहेका छन् । सबैभन्दा धेरै सरकारी विद्यालयमा पढ्ने २७ जना रहेकाछन् । प्रस्तुत अध्यनय क्षेत्रका महिलाहरुको पारिवारिक आर्थिक स्रोतका माध्यमहरु ज्यालामजदुरी, सामान्य नोकरी रहेको हुनाले आर्थिक अवस्था कमजोर रहेको देखिन्छ । जसकारण आर्थिक अवस्था राम्रो हुने परिवारका सदस्य निजी विद्यालय र आीर्थक अवस्था कमजोर हुने परिवारका सदस्य सरकारी विद्यालयमा अध्ययन रहेको पाइयो ।

## ५.६ पढाई छोड्नुको कारण र अवस्था

प्रत्येक मानिसले शिक्षा अध्ययन गरेपछि पुरा गरेर छोड्छन् भन्ने हुँदैन कोहि अध्ययन गरेपछि पुरा गर्छन् भने कोहि विभिन्न समस्याका कारणले अध्ययनलाई बिचमा नै छाडेको हुन्छन् । नेपालको सन्दर्भमा पढाई छोड्नुका विभिन्न कारणहरु रहेका छन् जस्तै आर्थिक, पारिवारिक, वैवाहिक, भौगोलिक विकटता आदि । प्रस्तुत अध्ययन क्षेत्रका महिलाहरु पढाईलाई निरन्तरता नदिएका २३ जना (तालिका ५.३) रहेको पाइएको छ । बिचमा नै पढाई छाड्नुको कारणको आधारलाई तालिका नं ५.६ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.६ : पढाई छोड्नुको कारणका आधारमा उत्तरदाताको विवरण**

| कारण | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| वैवाहिक | १५ | ६५.२२ |
| पारिवारिक | ४ | १७.३९ |
| आर्थिक | २ | ८.६९ |
| पढ्ने जागर नभएर | २ | ८.६९ |
| जम्मा | २३ | १०० |

*स्रोतः स्थलगत अध्ययन, २०७८*

तालिका नं. ५.६ माप्रस्तुत तथ्याङ्कलाई अध्ययन गर्दा विश्वकर्मा महिलाहरुले पढाई बिचमानै छाड्नुको वैवाहिक कारणमा १५ जना, पारिवारिक कारणले ४ जना, आर्थिक कारणले २ जना र पढ्ने जागर नभएर भन्नेमा २ जना रहेका छन् । पढाईलाई निरन्तरता दिन नसक्नुको मुख्य कारणका रुपमा वैवाहिक कारण रहेको छ जहाँ १५ जना महिलाहरु रहेका छन् ।विवाह भएपछि छोरा छोरी जन्माउनुपर्ने, उनिहरुको पढाई, स्याहारसुसार, लालनपोषण, घरायासी काम, आर्थिक कारणले पढाई निरन्तर नदिई बिचबाट नै छाडेका छन् । पढाईप्रतिको सकरात्मक धारणा हुँदाहुँदै पनि शिक्षा प्राप्त गर्नबाट बञ्चित हुन पुगेको देखिन्छ ।

### वैयक्तिक अध्ययन ३

*डिलमाया बि.क. (नाम परिवर्तन) ३५ वर्षकी विवाहित महिला हुन् । उनी ९ कक्षासम्म सरकारी विद्यालयबाट अध्ययन गरेर पढाई छाडेकी हुन् । १८ वर्षको उमेरमा विवाह गरेकी उनी विवाह पश्चात् घरायसी काम र छोराछोरी जन्मीएपछि पढाईलाई निरन्तरता दिन नसकेकी रहिछन् । उनका दाजुभाई सरकारी विद्यालयबाट नै अध्ययन गरेका*

*रहेछन् । श्रीमान्ले घर निर्माण कार्यमा दिनगन्ती कार्य गर्ने र आफूले घरायसी काम मात्र गर्ने हुनाले घरको आर्थिक अवस्था धान्न गाह्रो रहेको छ । छोराछोरी, श्रीमान र आफुमात्रै भएपनि श्रीमान्ले सधै काम नपाउने, कहिलेकाँही खाली बस्नुपर्ने हुने हुँदा घरायसी व्यवहार र छोराछोरीको पढाई धान्न पनि मुस्किल रहेको बताएकी छिन् ।*

*उनलाई शिक्षा प्राप्तीमा र अन्य अवसरहरुमा घर परिवारबाट छोराछोरीमा कुने विभेद भए जस्तो लागेको थिएन । त्यसबेलाको समयमा विद्यालय जाने, पढ्ने, जागिर खाने भन्ने कमै मात्रामा हुन्थ्यो । यतिसम्म पनि पढाउनु भएर अक्षर चिन्न, बुझ्न सकेछु भन्ने उनलाई खुसी लागेको छ । अहिले आफूले भने छोराछोरीमा कुनै भेदभाव राखेकी छैनन् । दुवै छोराछोरीलाई सरकारी विद्यालयबाट नै सबै आवश्यकता पूरा गराई पढाई राखेकी छिन् । उनी आमा समूह बचत समूहमा पनि आवद्ध रहेकी छिन् र उनले सरकारी संस्थाबाट आएको सिलाई बुनाई तालिम पनि लिएकी रहिछन् । यसबाट उनले घरमानै बसेर लुगा सिलाउन सक्ने भएकी छिन् ।*

*आजको समाजमा नारी शिक्षा सबैभन्दा ठुलो कुरा हो भन्ने उनलाई लागेको छ । शिक्षा प्राप्तबाट सबै कुरामा सक्षम हुन सक्ने, राम्रो अवसरहरु प्राप्त हुने, अरुबाट अपहेलित भएर बस्नु नपर्ने, जागिर गरेर सक्षम हुन सक्ने हुनाले शिक्षा महत्वपुर्ण रहेको उनको धारणा छ । यसका लागि राज्यले महिला शिक्षाप्रति जनचेतना जगाउने, निशुल्क शिक्षा प्रदान गर्ने, महिलाका समस्या बुझी समाधान गर्ने, घरपरिवारबाट पनि छोराछोरीमा भेदभाव नगरी समान अवसर र शिक्षा प्रदान गर्ने, विवाहित महिलाहरुका लागि विवाहपछि पनि उनीहरुको शिक्षालाई निरन्तरता दिने वातावरण मिलाईदिने कार्य गरेमा अझ धेरै महिला शिक्षित हुने थिए भन्ने उनको धारणा रहेको छ ।*

## ५.७ शिक्षाप्रति पारिवारिक दृष्टिकोण

कुनै पनि विषयलाई मानिसले हेर्ने, बुझ्ने बुझाई वा धारणा नै दृष्टिकोण हो । वर्तमान समयमा शिक्षाप्रतिको चेतनाको विकास सँगसँगै आम मानिसको शिक्षाप्रतिको दृष्टिकोण सकरात्मक हुँदै गईरहेको छ । विगतको समयमा शिक्षाप्रतिको धेरै मानिसको सकरात्मक धारणा रहेको पाइदैन । शिक्षा प्राप्तीमा छोराछोरी बिचको भिन्नता ठुलो रहेको थियो, छोरीलाई पढाउनुहुँदैन, विवाह गरेर अर्काको घरमा जाने न हो, घरायासी काम मात्र गर्नुपर्छ, पढेर के गर्छन् भन्ने नकरात्मक सोच रहेको थियो, जसकारण धेरै महिलाहरु

शिक्षाबाट बञ्चित रहेका थिए । तर वर्तमान समयमा शिक्षाप्रतिको चेतनाको विकासले गर्दा सकरात्मक सोच रहेको देख्न सकिन्छ ।

प्रस्तुत अध्ययन क्षेत्रका सबै महिलाहरुको परिवारमा शिक्षाप्रतिको सकरात्मक धारणा रहेको पाइएको छ । शिक्षा प्राप्तीमा छोराछोरीमा कुनै विभेद भएको पाइदैन । छोरीलाई छोरासरह समान शिक्षा र अवसरहरु प्रदान गरिएको छ । छोरीलाईसक्षम बनाउन सके, जागीर गर्न सक्ने, आम्दानी गर्न सक्ने, सामाजिक विकासमा सहयोग पुग्ने, लेखपढ गर्न सक्ने भन्ने चेतनाको विकास भएको हुनाले परिवारको शिक्षाप्रति सकरात्मक धारणा रहेको पाइएको छ । प्रस्तुत अध्ययन क्षेत्रका महिलाहरुका परिवारको शिक्षाप्रतिको हेर्ने दृष्टिकोण सकरात्मक छ भन्नेमा ४१ जना नै रहेको पाइयो ।

## ५.८ महिलाहरुको पेशागत आवद्धता

कुनै पनि कामको सिलसिलामा आवद्ध भई कार्य गरी आर्थिकोपार्जन गर्नु पेशा हो । पेशाबाटको आर्थिक आम्दानीले घरको आर्थिक अवस्थालाई सम्हाल्न सकिन्छ । परिवार चलाउनका लागि कुनै न कुनै पेसा गर्नु आवश्यक हुन्छ । घरको आर्थिक अवस्था धान्नको लागि महिला तथा पुरुषले कुनै न कुनै पेसालाई आधार बनाउनु पर्ने हुन्छ । नेपालको मुख्य पेसा कृषि प्रणाली मानिन्छ, तर कृषि पेसालाई अध्ययन क्षेत्रका महिलाहरुले अगाँलेको पाइदैन । एक त धेरै जग्गा जमिन पनि नभएको अलिअलि जग्गा जमिन भएकाहरु पनि अरुलाई कमाउन दिएका छन् । घरवरिपरि साग सब्जि, तरकारी लगाउने आफैलाई पुग्ने निर्वाहमुखी कृषि गरेको पाइन्छ । अध्ययन क्षेत्रका महिलाहरुको पेशागत आवद्धताको आधारलाई तालिका नं. ५.७ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.७ : महिलाहरुको पेशागत आवद्धताका आधारमा उत्तरदाताको विवरण**

| पेशा | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| गृहणी | १७ | ४१.४६ |
| पढाई मात्र गर्ने | १३ | ३१.७३ |
| नोकरी | ७ | १७.०७ |
| ज्याला मजदुरी | ३ | ७.३१ |
| व्यापार व्यवसाय | १ | २.४३ |
| जम्मा | ४१ | १०० |

*स्रोतः स्थलगत अध्ययन, २०७८*

तालिका ५.७ मा प्रस्तुत तथ्यांकलाई अध्ययन गर्दा गृहणी महिलाहरु १७ जना, पढाई मात्र गर्ने १३ जना, नोकरी गर्ने ७ जना, ज्याला मजदुरी गर्ने ३ जना, व्यापार व्यवसाय गर्ने १ जना रहेका छन् । गृहणी महिलाहरु सबैभन्दा धेरै १७ जना रहेका छन् । घरायसी काममा महिलाहरु खाना बनाउने, छोराछोरी स्कुल पठाउने, लुगा धुने, खाजा बनाउने, छोराछोरी पढाउने जस्ता काममा व्यस्त हुने हुनाले अन्य पेशामा संलग्न हुन नसकेको पाइएको छ । त्यसैगरी नोकरी गर्नेहरु विद्यालयमा पढाउने, सहकारीमा काम गर्ने, सिलाई बुनाई गर्ने रहेका छन् । ज्याला मजदुरी गर्नेहरु घर बनाउने काममा जाने, मेलापात गर्ने र व्यपार व्यवसाय गर्नेहरु छन् । किराना पसल, फर्निचर व्यवसाय गर्ने आदि रहेका छन् ।

**वैयक्तिक अध्ययन ४**

*सरु वि.क. (नाम परिवर्तन) २६ वर्षकी विवाहित महिला हुन् । उनको जन्म पोखरा महानगरपालिका वडा नं. १६, छिनेडाँडामा भएको थियो । उनले +२ सम्म पढेर आफ्नो पढाइलाई छाडेकी छिन् । २० वर्षको हुदाँ १२ कक्षामा पढ्दा पढ्दै मागी विवाह भएर नै विवाह गरेकी हुन् । उनी सरकारी विद्यालयबाट नै शिक्षा अध्ययन गरेकी र उनका दाजुभाई पनि सरकारी विद्यालयमा नै अध्ययन गरेका रहेछन् । विवाह पश्चात छोराछोरी जन्मीएर पढाई र छोराछोरीको स्याहारसुसार गर्न गाह्रो भएको हुनाले पढाइलाई छाडेकी रहिछन् । उनका श्रीमान वैदेशिक रोजगारमा रहेका छन् भने उनी सरकारी संस्था बाट आएको सिलाई बुनाई तालिम प्राप्त गरी बुटिकमा जागिर गर्दै आइरहेकी छिन् । परिवारमा श्रीमान, आफु र छोरी मात्र रहेको हुनाले आफ्नो जागिर र श्रीमानको कमाईबाट घरखर्च धान्न सकिने रहेछ । उनको परिवारमा महिनाको मासिक आम्दानी ५०,००० भन्दा बढी रहेको छ ।*

*उनलाई शिक्षा प्राप्तिमा घरपरिवारबाट कुनै भेदभाव भएको छैन । छोरा सरह शिक्षा र स्वतन्त्रता प्राप्त गरेकी रहिछन् । उनलाई नारी शिक्षा सबैभन्दा ठूलो लाग्छ किनकि महिला कुनैपनि कुरामा कमि नहुने, आत्मनिर्भर हुन सक्ने, परिवारको आर्थिक भार सम्हाल्न सक्ने हुनाले नारी शिक्षा आजको आवश्यकता रहेको छ भन्ने धारणा राखेकी छिन् । वर्तमान् समयमा छोराछोरी बिच खासै भेदभाव नरहे पनि सबै ठाँउमा समान अवसर सबैले नदिएका र विभिन्न समस्या र कारणहरु रहेको हुनाले त्यसका लागि राज्यले छात्रावृत्ति वा आर्थिक सहयोग गर्ने, निशुल्क शिक्षा प्रदान गर्ने, जनचेतनाका कार्यक्रम गर्ने कार्य गरेमा विश्वकर्मा*

*वा दलित महिलाको शिक्षामा अझ प्रगती हुने थियो भन्ने धारणा राखेकी छिन् । अन्त्यमा नारी शिक्षा महत्वपूर्ण रहेको छ । कसैले पनि छोराछोरी बिच भेदभाव नगरी समान अवसर र स्वतन्त्रता दिनुपर्छ कोही पनि शिक्षाबाट वञ्चित हुन नपरोस् भन्ने तर्क व्यक्त गरेकी छिन् ।*

## ५.९ आर्थिक अवस्था र प्रभाव

आर्थिक अवस्थाले देश, क्षेत्र, समुदाय, परिवारको अर्थतन्त्रको वर्तमान अवस्थालाई जनाउँदछ । आर्थिक अवस्था समयको चक्रसँगै परिवर्तन हुँदै जान्छ । कुनै पनि देशको आर्थिक अवस्था मौद्रिक वित्तिय निती, विश्वव्यापी अर्थतन्त्रको अवस्था, बेरोजगारी स्तर, उत्पादकत्व विनियम दर लगायत धेरै कारक तत्वहरुद्वारा प्रभावित हुन्छ । वर्तमान अवस्थामा नेपालको अर्थतन्त्र कमजोर हुँदै गइरहेको छ । जसमा विभिन्न कारक तत्वहरुको प्रभाव रहेको छ ।

सबै परिवारको एउटै आर्थिक अवस्था हुँदैन । कुनै परिवारमा आर्थिक आम्दानीका माध्यम धेरै भएपनि खर्च धेरै हुने गर्दछ भने कुनै परिवारमा कम खर्च हुने गर्दछ । परिवारको आकार र आवश्यकता अनुसारले नै आर्थिक अवस्थालाई प्रभाव पारेको हुन्छ । नेपालको आर्थिक अवस्थालाई उच्च, मध्यम र निम्न स्तरमा छुट्याइएको छ । प्रस्तुत अध्ययन क्षेत्रका महिलाहरुको पारिवारिक आर्थिक अवस्थालाई तालिका ५.८ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.८: घरको आर्थिक अवस्थको आधारमा उत्तरदाताको विवरण**

| आर्थिक अवस्था | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| न्युन | ६ | १४.६३ |
| मध्यम | २८ | ६८.२९ |
| उच्च | ७ | १७.०८ |
| जम्मा | ४१ | १००% |

*स्रोत : स्थलगत अध्ययन, २०७८*

तालिका नं. ५.८मा प्रस्तुत तथ्याङ्कलाई अध्ययन गर्दा विश्वकर्मा परिवारको आर्थिक अवस्था न्युन वर्ग रहेको ६ जना, मध्यम वर्ग रहेको २८ जना र उच्च वर्ग रहेको ७ जना

पाइएको छ सबैभन्दा धेरै मध्यम वर्गका परिवार २८ जना रहेका छन् ।महिलाहरुको परिवारको आर्थिक अवस्था न्युन रहेकाहरु जो ज्याला मजदुरी गर्ने, घर निर्माण कार्यमा संलग्न हुने, निर्वाहमुखी कृषि कार्य गर्नेहरु रहेका छन् भने, मध्यम वर्गका रुपमा जो वैदेशिक रोजगारमा गएका, व्यापार व्यवसाय गर्ने, नोकरी गर्ने रहेका छन् भने दुई वा दुई भन्दा बढी आम्दानीका स्रोत एउटै परिवारमा रहेका उच्च वर्गका रुपमा रहेका छन् ।

## ५.१० आर्थिक स्रोत र परिवार

परिवारमा आर्थिक स्रोतको परिवार समुदाय अनुसार फरक फरक रहेको हुन्छ । किनभने कुनै परिवारमा नोकरीबाट परिवार आश्रीत रहेको हुन्छ भने कुनै परिवारमा व्यापार व्यवसाय, वैदेशिक रोजगार, ज्याला मजदुरी, निर्माण व्यवसायी आदिबाट हरेक तहबाट आम्दानी जुटाई राखेको हुन्छ ।विश्वकर्मा महिलाहरुको परिवारको आर्थिक स्रोतका माध्यमहरु फरक-फरक रहेका छन् । कुनै परिवारमा एउटा आर्थिक स्रोतको माध्यम मात्र रहेको छ भने कुनै परिवारमा दुई वा दुई भन्दा बढी आर्थिक सोतका माध्यमहरु रहेका छन् । विश्वकर्मा महिलाहरुको परिवारको आर्थिक स्रोत माध्यम के कस्तो रहेको छ भन्ने विवरण तालिका नं. ५.९ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.९ : परिवारको आर्थिक स्रोतको माध्यमका आधारमा उत्तरदाताको विवरण**

| आर्थिक स्रोत | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| वैदेशिक रोजगार | १२ | २९.२६ |
| नोकरी | ९ | २१.९९ |
| ज्याला मजदुरी | ६ | १४.६३ |
| नोकरी, वैदेशिक रोजगार | ५ | १२.१९ |
| निर्माण व्यवसाय | ४ | ९.७५ |
| निर्माण व्यवसायी, वैदेशिक रोजगार | ३ | ७.३१ |
| व्यापार व्यवसाय | २ | ४.८७ |
| जम्मा | ४१ | १००% |

*स्रोत : स्थलगत अध्ययन, २०७८*

तालिका नं.५.९मा प्रस्तुत तथ्याङ्कलाई अध्ययन गर्दा विश्वकर्मा महिलाहरुको परिवारको आर्थिक स्रोतका माध्यमहरुमा वैदेशिक रोजगारमा १२ जना, नोकरी गर्ने ९ जना,

ज्याला मजदुरी गर्ने ६ जना, नोकरी व्यववसायी दुवै भएका ५, निर्माण व्यवसाय गर्ने ४ जना निर्माण व्यवसायी र वैदेशिक रोजगारका ३ जना र व्यापार व्यवसाय गर्ने २ जना रहेकाछन् । सबैभन्दा धेरै वैदेशिक रोजगारमा १२ जना रहेका छन् । प्रायजसो दलित परिवारहरु आर्थिक शैक्षिक रुपमा असक्षम रहकोले व्यापार व्यवासायको लागि लगानी गर्न नसक्ने, राम्रो नोकरी गर्न नसक्ने भएकोले घरको आीर्थक अवस्था धान्न गाह्रो हुने हुनाले प्रायजसो पुरुषहरु वैदेशिक रोजगारकोलागि खाडि मुलुकमा जान बाध्य रहेको देखिन्छ ।

## ५.११ मासिक आम्दानीको अवस्था

आय शब्दले सामान्यतया उत्पादनहरुको प्रतिफल, लगानीको प्रतिफल पेन्शन वितरण उपहार वा प्राप्त गरको रकम वा सम्पत्तिलाई जनाउँछ । परिवार चलाउनका लागि, जन्मेका सन्तानलाई लालनपोषण गर्न शिक्षा, स्वास्थ्य आदि आवश्यकता पुरा गर्नका लागि आम्दानी गर्न अत्यन्त आवश्यक हुन्छ । प्रस्तुत अध्ययन क्षेत्रका महिलाहरुको पारिवारिक मासिक आम्दानीको अवस्थालाई तालिका ५.१० मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.१० :पारिवारिक मासिक आम्दानीको आधारमा उत्तरदाताको विवरण**

| मासिक आम्दानी | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| ५,००० देखि २०,००० | १० | २४.३९ |
| २०,००० देखि ५०,००० | २० | ४८.७८ |
| ५०,००० भन्दा माथि | ११ | २६.८३ |
| जम्मा | ४१ | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०७८*

तालिका नं.५.१० मा प्रस्तुत तथ्याङ्कलाई अध्ययन गर्दा विश्वकर्मा महिलाहरुको परिवारको मासिक आम्दानी ५,००० देखि २०,००० सम्म आम्दानी हुनेको संख्या १०, २०,००० देखि ५०,००० सम्म आम्दानी हुनेको संख्या २० र ५०,००० भन्दा माथि हुनेको संख्या ११ रहेका छन् । जहाँ सबैभन्दा धेरै २०,००० देखि ५०,००० सम्म मासिक आम्दानी हुनेको संख्या २० जना रहेका छन् ।प्राय जसो ज्याला मजदुरी गर्ने, खेताला जाने, परिवारको मासिक आम्दानी ५,००० देखि २०,००० सम्म रहेको पाइएको छ भने वैदेशिक रोजगार, नोकरी, व्यापार व्यवासय गर्नेहरुको मासिक आम्दानी २०,००० देखि ५०,००० सम्म रहेको

छ, त्यसैगरी वैदेशिक रोजगार, निर्माण व्यवसायी, नोकरी गर्ने दुई वा दुई भन्दा बढी आर्थिक स्रोतका माध्यम भएका परिवारको मासिक आम्दानी ५०,००० भन्दा बढी रहेको पाइयो ।

## ५.१२ मासिक खर्चको अवस्था

कुनै पनि सम्पत्तिलाई आवश्यकता अनुसार प्रयोग गर्नु खर्च हो । हरेक क्षेत्रमा भएको खर्चलाई विभिन्न परिभाषा दिई व्याख्या गरिएको हुन्छ । खर्च आम्दानीमा निर्भर रहन्छ । मानिसले आम्दानी कसैले धेरै गर्दछ भने कसैले कम गर्दछ । आम्दानीका स्रोतहरु धेरै भएमा त्यसबाटको आम्दानीले घर खर्च धान्न सकिन्छ भने कम आम्दानी भएमा घर खर्च धान्न सकिदैन अथवा निर्वाहमात्र हुने गर्दछ, कुनै परिवारमा धेरै आम्दानीका स्रोत भएर पनि धेरै खर्च हुने हुनाले घर खर्च धान्न गाह्रो हुन सक्छ । प्रस्तुत अध्ययन क्षेत्रका महिलाहरुको मासिक खर्चको अवस्थालाई तालिका नं. ५.११ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.११: पारिवारिक मासिक खर्चको आधारमा उत्तरदाताको विवरण**

| खर्च धान्न | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| सकिन्छ | २६ | ६३.४१ |
| सकिदैन | २ | ४.८७ |
| निर्वाह मात्र | १३ | ३१.७२ |
| जम्मा | ४१ | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०७८*

तालिका नं. ५.११ मा प्रस्तुत तथ्याङ्कलाई अध्ययन गर्दा विश्वकर्मा महिलाहरुको परिवारको आम्दानीले घरखर्च धान्न सकिन्छ भन्नेको संख्या २६ जना, सकिदैन भन्ने २ जना र निर्वाह मात्र भन्ने १३ जना रहेका छन्, जसमा घर खर्च धान्न सकिन्छ भन्ने सबैभन्दा धेरै २६ जना रहेका छन् ।महिलाहरुको परिवारमा आम्दानीको विभिन्न स्रोतहरु जस्तै वैदेशिक रोजगार, व्यापार व्यवसाय, निर्माण व्यवसायीका स्रोतहरु रहेको हुनाले परिवारको आम्दानीबाट घर खर्च धान्न सकिन्छ भन्नेहरु धेरै रहेको पाइयो । ज्यालामजदुरी र सामान्य

नोकरी गर्नेहरुले घर खर्च धान्न नसकिने र निर्वाहमात्र रहेको प्रस्तुत अध्ययनमा पाइएको छ ।

## ५.१३ आर्थिक कारोबार र संचालन

राज्यको आम्दानी, खर्च सम्पुर्ण सम्पत्ति लगायतका आयसँग सम्बन्धित सम्पुर्ण कारोबारको बारेमा हिसाब किताब गरी राज्य संचालन गर्नु आर्थिक कारोबार हो । नेपालको आर्थिक कारोबार कृषि र रेमिट्यान्समा निर्भर रहेको छ । आर्थिक विकास हासिल गर्न देशले सामना गर्नुपरेको सबैभन्दा ठुलो चुनौति राजनितिक अस्थिरता र भ्रष्टाचार हो ।

परिवारको सम्पुर्ण सम्पत्तिको लेखाजोखा वा हिसाब गरी परिवार सञ्चालन गर्ने काम घर प्रमुखको रहेको हुन्छ । परिवार सञ्चालन गर्नका निम्ति आम्दानी भएर मात्र हुँदैन त्यसलाई सञ्चालन गर्ने व्यक्तिको आवश्यकता पर्दछ । आर्थिक कारोबार सञ्चालन सम्बन्धमा उत्तरदाताको विवरणलाई तालिका ५.१२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.१२ : आर्थिक कारोबार र सञ्चालनका आधारमा उत्तरदाताको विवरण**

| आर्थिक कारोबार | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| बुवा | १६ | ३९.०२ |
| महिला स्वयम् | १३ | ३१.७० |
| श्रीमान् | ७ | १७.०९ |
| आमा | ५ | १२.१९ |
| जम्मा | ४१ | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०७८*

तालिका नं. ५.१२ मा प्रस्तुत तथ्याङ्कलाई अध्ययन गर्दा विश्वकर्मा महिलाहरुको परिवारको आर्थिक कारोबार गर्नेमा बुवाको संख्या १६ जना, महिला स्वयम् १३ जना,श्रीमान्को संख्या ७ जना र आमाको संख्या ५ जना रहेका छन् । जहाँ बुवाले नै घरको आर्थिक कारोबार गर्ने सबैभन्दा धेरै १६ जना रहेका छन् । महिलाहरुको परिवारमा धेरैजसो घरको मुली बुवा भएको पाइएको छ । घर व्यवहार पनि बुझ्न सक्ने हुनाले बुवाले नै आर्थिक कारोबार गर्ने गरेको पाइन्छ । पुरुष वैदेशिक रोजगारमा गएका परिवारमा भने

प्रायजसो महिला स्वयम्ले नै घरको आर्थिक कारोबार गरेको पाइएको छ । पुरुष घरमै भए पुरुषले मात्र यदि नभएमा महिला अग्रसर रहेको पाइयो ।

# अध्याय : छ

## दलित महिलाको शिक्षामा प्रभाव पार्ने तत्वहरु

शिक्षा सबैले समान रुपमा पाउनु पर्ने नैसर्गिक अधिकार हो । शिक्षा वर्तमान परिस्थितिमा अपरिहार्य आधारभूत आवश्यकता हो । शिक्षाले नै मानविय जिवनलाई सहज बनाउन मद्दत गर्दछ किनकि जिवनको अध्यारो पाटोलाई हटाई उज्यालो तर्फ लैजाने एउटा माध्यम पनि हो । आजको समाजमा शिक्षा बिना कुनै मानिस पनि अगाडि बढ्न सक्दैन । शिक्षाको मद्दत बाट व्यक्तिको व्यक्तित्व विकास गर्न, सक्षम बनाउन, राष्ट्र र तथा समाजलाई विकास तर्फ लैजानको लागि महत्वपूर्ण भूमिका रहेको हुन्छ । यस कारण पनि राज्यले शिक्षामा ठूलो लगानी गरिराखेको छ । सबैले समान रुपमा शिक्षा प्राप्त गर्नका लागि माध्यामिक तहसम्म निशुल्क शिक्षा प्रदान गरेको छ । अशिक्षित तथा अनपढ महिला वा पुरुषको लागि अनौपचारिक रुपमा प्रौढ शिक्षालाई प्राथमिकता दिएको छ । कुनै पनि देश कति विकसित र सक्षम छ भन्ने जानकारी लिनको लागि शिक्षालाई आधार मानिन्छ । आजको आधुनिक समाजको पछाडि शिक्षाको ठूलो महत्व रहेको छ । यस कारण शिक्षा महत्वपूर्ण र अनिवार्य रहेको छ ।

विगतको समयमा विश्वकर्मा समुदायका सबै मानिसहरुको शिक्षा प्रति सकरात्मक धारणा रहेको पाइदैन । छोराछोरी बिचको भेदभाव, आर्थिक अभाव, छुवाछुत, अशिक्षित वा चेतनाको कमिको कारणले शिक्षामा सबै वर्गको समान सहभागिता रहेको पाइदैन । छोरीलाई सानै उमेरमा विवाह गरिदिने, घरायसी काममा लगाउने, छोरीलाई पढाउनु हुदैन पढेर के गर्छन्, अर्काको घर जाने जात भन्नेसोचको विकास भएको थियो । जसकारण समाजमा शिक्षा क्षेत्रमा लैङ्गिकता, पुरानो रुढीवादी चलन, सामाजिक गतिविधि र संस्कृतिले ठुलो प्रभाव परेको पाइन्छ । समयको परिवर्तन सँगसँगै शिक्षा क्षेत्रमा पनि चेतनाको विकास हुदै गयो र आजको वर्तमान समयमा शिक्षा प्राप्तिमा घरपरिवार र समाजको सकरात्मक धारणाको विकास हुदैं गएको छ । छोराछोरी बिचको भेदभावमा कमि हुनाले पनि समान शिक्षाको धारणा विकास भएको पाइन्छ । त्यस्तै गरि छोरीलाई शिक्षा प्रदान गर्न सकेमा लेख्न पढ्न सक्ने, व्यक्तित्व विकासमा सहयोग हुने, राम्रो जागिर गर्न सक्ने, राम्रो देशमा पठाउन सकिने, छोरा सरह आम्दानी गर्न सक्ने, बुढेसकालमा आफ्नो बा-आमालाई पाल्न सक्ने हुने हुनाले परिवारको शिक्षा प्रति सकरात्मक दृष्टिकोण रहेको पाइन्छ ।

शिक्षा प्राप्तिबाट विश्वकर्मा महिलहरुमा सकरात्मक परिवर्तन भएको पाइएको छ । शिक्षाको माध्यमबाट महिलाहरु अक्षर चिन्न, पढ्न लेख्न, व्यक्तित्व विकासका साथसाथै नोकरी गर्न, आम्दानी गर्न, छोराछोरीलाई पढाउन लेखाउन, घरको आर्थिक कारोबार गर्न, सामाजिक क्रियाकलापमा अग्रसर हुन जस्ता विभिन्न क्रियाकलापमा सक्षम हुन सकेका छन् । जस कारण शिक्षा सबैका लागि अत्यन्त महत्वपूर्ण रहेको छ । सबैले बिना भेदभाव शिक्षा प्राप्त गर्न पाउनु पर्छ । शिक्षा बाट कोहिपनि वञ्चित हुनुहुदैन भन्ने धारणा रहेको पाइएको छ ।

विश्वकर्मा महिलाहरुले नारी शिक्षालाई महत्वपूर्ण मानेका छन् । नारीले शिक्षाको अवसर प्राप्त गरेमा विभिन्न राम्रो अवसरहरु प्राप्त गर्न सक्ने, सबै कुराहरुमा सक्षम हुनसक्ने, कुनै पनि महिला पुरुष र परिवार बाट शोषित हुन नपर्ने, नोकरी प्राप्त गर्न सक्ने घरको आर्थिक व्यवहार चलाउन सक्ने, सामाजिक कार्यमा संलग्न रहि समाज र राष्ट्र विकासमा सहयोग पुऱ्याउने समाजमा उच्च स्थान हासिल गर्न सक्ने, विकसित देशमा गएर आम्दानी गर्न सक्ने जस्ता विभिन्न कारणहरुले गर्दा नारी शिक्षा महत्व रहेको छ भन्ने धारणा व्यक्त गरेको पाइएको छ । विश्वकर्मा महिलाहरुको शैक्षिक अवस्थामा परिवर्तन ल्याउन तथा शिक्षामा सुधार गर्नका लागि राज्यले र परिवारले ठूलो भूमिका खेल्नुपर्ने व्यक्त गरेका छन् । जसका लागि नारी शिक्षा प्रति जनचेतना जगाउने, अति विपन्न वा पढाउन नसक्ने परिवारको लागि आर्थिक सहयोग, विवाहित महिलाहरुको लागि पढ्ने वातावरण मिलाइदिने, महिलाको आत्मनिर्भर बढाउने कार्यक्रमहरु गर्ने, छोराछोरीमा कुनै भेदभाव नगरी सबैमा समान अवसरहरु प्रदान गर्ने, राज्य स्तरबाट नै उच्च शिक्षा सम्म निशुल्क शिक्षा प्रदान गर्ने, जेहेन्दार गरिबि विद्यार्थिको लागि विद्यालयले छात्रवृत्ति प्रदान गर्ने जस्ता विभिन्न कार्यहरु गरेमा विश्वकर्मा वा दलित महिलाहरुको शिक्षामा अझ प्रगति हुने थियो भन्ने अध्ययन क्षेत्रका महिलाहरुले धारण अभिव्यक्त गरेको पाइएको छ ।

## ६.१ दलित परिवारमा अवसरको समानता र स्वतन्त्रता

कुनै पनि समुह वा व्यक्तिलाई कुनै पनि आधारमा भेदभाव नगरी सबैलाई बराबर अवसर प्रदान गरिनु समान अवसर हो । विभिन्न जातिय, धार्मिक, क्षेत्रीय, लैङ्गिक, शारिरिक वा कुनै पनि आधारमा भेदभाव नगरी सबैलाई समान हक अधिकार प्रदान गरी अवसर प्रदान गर्नुपर्दछ । स्वतन्त्रता भनेको कसैको प्रतिबन्ध बिना आफु स्वतन्त्र भएर हिड्नु वा काम गर्नु हो । मानिसले लक्ष्य हाँसिल गरी अगाडि बढ्नको लागि स्वतन्त्रता र समाज

अवसर रहेको हुन्छ । नेपालको संविधान २०७२ को धारा १७ मा स्वतन्त्रताको हकको व्यव्सथा गरेको छ भने धारा १८ मा समनताको हकको व्यवस्था गरेको छ । सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछन् । कसैलाई भेदभाव हुने छैन भनी व्याख्या गरिएको छ ।

परिवार एउटा संगठित रुप हो । जहाँ एक अर्काको साथ र सहयोग बिना अधुरो हुन्छ । यसरी नै परिवारका सम्पुर्ण सदस्यले आफ्ना आफ्ना हक अधिकार प्राप्त गर्न पाउनु पदर्छ । समान अववर र स्वतन्त्रताले घरायासी काम, स्वास्थ्य, शिक्षा, खानपान र बाहिरी स्वतन्त्रता आदि कुराहरुलाईसमेटेको हुन्छ । विश्वकर्मा महिलाहरुको परिवारले महिला र पुरुषमा समान अवसर र स्वतन्त्रता दिएको पाइएको छ । परिवारमा शिक्षाप्रतिको चेतनाको विकास, शिक्षित परिवार, छोराछोरी बिच कुनै भेदभाव नगरेको कारणले महिलाहरुलाई समान अवसर र स्वतन्त्रता दिएको पाइएको छ ।

**वैयक्तिक अध्ययन ५**

*अमृता बि.क. (नाम परिवर्तन) १९ वर्षकी अविवाहित महिला हुन् । उनको जन्म पोखरा महानगरपालिका वडा नं. २५ हेम्जामा भएको हो । उनको परिवारमा ९ जना सदस्य रहेका छन् । घरको प्रमुख बुबा हुनुहुन्छ । उनी अहिले ११ कक्षामा पढ्दै आएकी छिन् । सरकारी विद्यालयबाट पढ्दै आएकी र स्नातक सम्म पढ्ने सोचमा रहेकी छिन् । पढेर विदेश जाने उनको लक्ष्य रहेको छ । उनी ८ कक्षासम्म निजी विद्यालय पढेकी र पछि सरकारी विद्यालय पढेकी हुन् । उनका दाजुभाई निजी विद्यालय नै अध्ययनरत रहेका छन् । उनको परिवारको आर्थिक स्रोतहरु वैदेशिक रोजगार रहेको छ । जसबाट घरको आर्थिक अवस्था चलाउन सकिने बताएकी छिन् । उनलाई शिक्षा प्राप्तिमा र अन्य अवसरमा छोराछोरी बिचमा कुनै भेदभाव नभएको र परिवार शिक्षा प्रति सकरात्मक धारणा रहेको बताएकी छिन् । सबै ठाउँमा सबै विश्वकर्मा महिलाहरु शिक्षाको अवसर प्राप्त गरेका छैनन् भन्ने उनको धारणा रहेको छ । जसमा महिलाहरु पछाडि पर्नुको विभिन्न कारणहारु रहेका छन् । ति मध्ये कतिपय आर्थिक अवस्था, विवाहित कारण, चेतनाको कमीले गर्दा महिलाहरु शिक्षा प्राप्तबाट बञ्चित रहेको उनको धारणा छ । त्यसका लागि परिवारले छोराछोरीमा भेदभाव नगर्ने, सबैलाई समान अवसर र शिक्षा प्रदान गर्ने, राज्यबाट निशुल्क शिक्षा दिने, विद्यालयले छात्रवृत्ति र आर्थिक सहयोग गर्ने, जसबाट नारी शिक्षामा र विश्वकर्मा महिलाहरुको शिक्षा पहुँच पुग्ने थियो भन्ने उनको धारणा रहेको छ ।*

## ६.२ दलित महिलाको संघ संस्थामा आबद्ध र गतिशिलता

सामान्यता संघसंस्था भन्नाले मानिसहरुको एउटा समुह वा कम्पनि हो । संघ संस्था सामाजिक हितको लागि समुहमा कार्य गरी विभिन्न उद्देश्यहरु राखेर कानुन द्धारा मान्यता प्राप्त गरेका हुन्छन् । संघ संस्थालाई कानुनी व्यक्ति पनि भनिन्छ । वर्तमान समयमा सरकारी तथा गैर सरकारी दुबै थरीका संस्थाहरु स्थापना भएको पाइन्छ । प्राय : मानिसहरु विभिन्न संस्थाहरुमा आवद्ध रहेको पाइन्छ र आबद्ध हुन पनि आवश्यक छ किनकी संस्था बाट केहि न केहि ज्ञान, सिपहरु सिक्न पाइन्छ साथै अन्य विभिन्न फाइदाजनक ज्ञान पनि लिन सकिन्छ ।अध्ययन क्षेत्रका महिलाहरु संघ संस्थामा आबद्ध भएका २५ जना रहेको पाइएको छ । जसमध्ये धेरै विवाहित महिलाहरु मात्र रहेको पाइयो । महिलाहरुको संघ संस्था आबद्धता र गतिशिलताको अवस्थालाई तालिका ६.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका ६.१ : संघ संस्थामा आबद्ध र गतिशिलताको अवस्थालाई उत्तरदाताको विभाजन**

| आबद्ध संघ संस्था | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| आमा तथा बचत समुह | १२ | ४८ |
| बचत समुह | १२ | ४८ |
| बालक्लव | १ | ४ |
| जम्मा | २५ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण २०७८*

तालिका नं. ६.१ मा प्रस्तुत तथ्याङ्कलाई अध्ययनलाई महिलाहरु बचत समुह र आमा समुहमा आबद्ध रहेका १२ जना, बचत समुहमा मात्रै आबद्ध रहेका १२ जना र बालक्लवमा आबद्ध रहेका १ जना रहेको पाइयो । सबैभन्दा धेरै बचत समुह र आमा समुहमा संलग्न १२ जना रहेका छन् । आमा समुहमा आबद्ध हुदाँ सामाजिक कार्य सबै मिलेर गर्न, सामाजिक समस्या समाधान गर्न सहयोग पुग्ने र बचत समुहमा आबद्ध हुदाँ आर्थिक आम्दानी जम्मा गर्न सकिने, आर्थिक समस्या हुदाँ ऋण निकाल्न सजिलो हुने हुनाले आमा समुह र बचत समुहमा आबद्ध महिलाहरुको संख्या बढी रहेको पाइयो । महिलाहरुको संघसंस्थामा आवद्ध र गतिशिलताको आधारलाई वैयक्तिक अध्ययन १ की पवित्रा बि.क., पेज नं. २६ र वैयक्तिक अध्ययन ३ की डिलमाया बि.क. पेज नं. ३० मा प्रस्तुत गरिएको छ ।

## ६.३ दलित महिलाले तालिम लिएको संस्थाा र फाइदा

तालिम भन्नाले कुनै पनि काममा दक्ष हुनुका निम्ती र त्यस कामबाट प्राप्त जानकारीले ज्ञान लिन सक्ने र सिकेका कुराहरुलाई प्रयोगमा लगाउने कार्यलाई तालिम भनिन्छ । कुनै पनि विषयमा दक्ष हुनको लागि तालिमको आवश्यकता पर्दछ । तालिम विभिन्न सरकार तथा गैर सरकारी संघ संस्थाबाट प्राप्त गर्न सकिन्छ । सरकारी संस्थामा सरकारबाट नै महिला वा पुरुषको सिप विकास गर्नको लागि विभिन्न योजना र निती बनाई ल्याएका बिभिन्न कार्यक्रमहरु पर्दछन् भने गैरसरकारी संस्थामा सरकारी कार्यक्रमा बाहेकका अन्य कार्यक्रमहरु वा तालिमहरु पर्दछन् । सरकारी संस्था बाटनै महिलाहरुको सिप विकास गर्नका लागि बर्षै पिच्छे विभिन्न तालिमहरु प्रदान गर्दै आएको छ ।प्रस्तुत अध्ययन क्षेत्रमा महिलाहरुले तालिम लिएको संस्थाबाट प्राप्त फाइदाको विवरणलाई तालिका ६.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ६.२ : तालिम लिएको संस्थाबाट प्राप्त फाइदाको आधारमा उत्तरदाताको विवरण**

| फाइदा | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| व्यक्तिगत विकासमा | ५ | २९.४१ |
| सामाजिक कार्यमा | १ | ५.८८ |
| माथिका सबै | ११ | ६४.७१ |
| जम्मा | १७ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७८*

प्रस्तुत अध्ययन क्षेत्रमा जम्मा ४१ जना महिलाहरु मध्ये १७ जना महिलाले तालिम लिएका छन् भने २४ जना महिलाले कुनै प्रकारकको तालिम लिएका छैनन् । यिनै १७ जना महिलाहरुले पनि ११ जना महिलाले सरकारी संस्थाबाट तालिम लिएका छन् भने ७ जना महिलाले गैरसरकारी संस्थाबाट तालिम लिएका छन् । महिलाहरुको सिप विकास गरी आत्मनिर्भर बनाउनको लागि राष्ट्रिय वा सरकारी स्तरबाट निशुल्क रुपमा विभिन्न सिप मुलक कार्यक्रमहरु वर्षै पिच्छे आइरहन्छ । जस्तै : सिलाईबुनाई, बुटिक, मन्टेश्वरी आदि रहेका छन् । यसकारण महिलाहरु सरकारी संस्थाबाट आएको तालिममा बढी सहभागी भएको पाइएको छ ।

विभिन्न संस्थाहरुबाट आएको तालिमबाट महिलाहरुलाई व्यक्तिगत विकासमा फाइदा पुगेको भन्नेमा ५ जना, सामाजिक कार्यमा ५ जना र माथिका सबै वा अन्य भन्नेमा ११ जना महिला रहेका छन् । सबैभन्दा धेरै माथिका सबै भन्नेमा ११ जना रहेका छन् । माथिका सबै भन्नाले सामाजिक कार्य र व्यक्तिगत विकास रहेको छन् । जसबाट महिलाहरुले रोजगारको अवसर प्राप्त गर्न सक्ने, अरुलाई सिप सिकाउन सक्ने, व्यक्तिगत जिवनमा प्रयोग गर्न सक्ने र अध्ययन अध्यनपन गर्न सहयोग पुगेको पाइयो । महिलाहरुल लिएको तालिम र त्यसबाटको फाइदालाई वैयक्तिक अध्ययन ४ की सरु बि.क., पेज नं. ३३ मा प्रस्तुत गरिएको छ ।

## ६.४ दलित महिलाहरुको अध्ययन पश्चात्को लक्ष्य

शिक्षा लिएर मानिस जब निचोडमा पुग्दछ त्यतिबेला उसले आफ्नो जिन्दगिलाई सफल र सबल बनाउनका लागि केहि न केहि गर्ने आँट र अठोट लिएको हुन्छ । अध्ययनले मात्र मान्छेको जीवन सफल हुदैंन, अध्ययनपश्चात् भविष्यमा के गर्न सकिन्छ, भविष्यमा यसबाट के राम्रो काम गर्न सकिन्छ भन्ने कुरालाई पनि सोच्नु पर्दछ । अध्ययन क्षेत्रका महिलाहरुले पढाईलाई निरन्तरता दिएका १८ जना (तालिका ५.३) पाइएको छ । उक्त महिलाहरुको अध्ययन पश्चातको लक्ष्य विवरणलाई तालिका ६.३ मा प्रस्तुत गरिएको छ ।

**तालिका ६.३ : अध्ययन पश्चात्का लक्ष्यका आधारमा उतरदाताको विवरण**

| विवरण | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| विदेश जाने | १० | ५५.५६ |
| जागिर खाने | ८ | ४४.४४ |
| जम्मा | १८ | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०७८*

तालिका नं. ६.३ मा प्रस्तुत तथ्याङ्कलाई अध्ययन गर्दा विश्वकर्मा महिलाहरु पढेर विदेश जाने भन्नेको संख्या १० जना र जागिर खाने भन्नेको संख्या ८ जना रहेको पाइएको छ, जहाँ सबैभन्दा धेरै पढेर विदेश जाने भन्नेको संख्या १० जना रहेको पाइयो ।किनकी विदेशमा कमाई राम्रो हुने, आफ्ना आवश्यकताहरु सजिलै पुरा गर्न सकिने, देशबिदेश घुम्न पाउने हुनाले पनि पढेर विदेश जाने सोचमा रहेको पाइयो । महिलाहरुको अध्ययन

पश्चात्को लक्ष्यको आधारलाई वैयक्तिक अध्ययन ५ की  अमृता वि.क., पेज नं.४१ र वैयक्तिक अध्ययन १ की पवित्रा बि.क. पेज नं. २६ मा प्रस्तुत गरिएको छ ।

## ६.५ नारी शिक्षाको महत्व र धारणा

शिक्षा भन्ने बित्तिकै सबैले प्राप्त गर्न पाउने नैसर्गिक अधिकार हो । शिक्षा बिनाको जिवन अन्धकार छ किनकी शिक्षा नै अध्यारो तर्फ बाट उज्यालो तर्फ अग्रसर गराउने माध्यम हो । वर्तमान समयमा शिक्षाको महत्व ज्यादै बढ्दो क्रममा रहेको छ र जरुरी पनि छ । अहिलेको २१ औ शताब्दिमा प्रत्येक घर-घरमा र प्रत्येक नागरिकमा शिक्षाको सकरात्मक दृष्टिकोण हुनुपर्दछ र सबै शिक्षित पनि हुनुपर्दछ ।

अध्ययन क्षेत्रका सम्पुर्ण महिलाहरुमा शिक्षा प्रतिको सकरात्मक धारणा रहेको पाइएको छ । शिक्षाप्राप्ति बाट महिलाहरुले विभिन्न अवसर र रोजगार प्राप्त गर्न सक्ने, सबै कुरामा सक्षम हुन सक्ने, समाज, परिवार तथा पुरुष बाट कुनै पनि महिला शोषित हुन नपर्ने वा अपहेलित हुन नपर्ने, आम्दानीका विभिन्न अवसर प्राप्त गर्न सकिने, वैदेशिक रोजगारका लागि राम्रो काम प्राप्त गर्न सकिने हुनाले राज्य तथा समाज विकासका लागि नारी शिक्षा आजको आवश्यकता रहेको पाइएको छ । नारी शिक्षाको महत्वको बारेमा वैयक्तिक अध्ययन ३ की डिलमाया बि.क. पेज नं. ३० मा प्रस्तुत गरिएको छ ।

## ६.६ शिक्षामा दलित महिला पछाडि पर्नुको कारण र प्रभाव

कानुनी रुपमा छोराछोरीलाई समान अधिकार दिने भएतापनि कतिपय अवस्थामा समान अधिकार र शिक्षा दिएको पाइदैन । छोराछोरी बिचको लैङ्गिक बिभेद, अति बिकट ठाँउ, आर्थिक विपन्नता, अशिक्षा, रुढिवादी परम्पराको कारणले पनि नारी शिक्षा प्रतिको सरकारत्मक दृष्टिकोण रहको पाइदैन । विगतको समयमा भन्दा वर्तमान समयमा शिक्षा सम्बन्धी चेतनाको विकास हुँदै गएको पाइन्छ । छोराछोरी बिचको भेदभावमा कमी हुँदै गएको हुनाले नारी शिक्षा प्रतिको सकरात्मक दृष्टिकोण विकास हुँदै गएको पाइन्छ । शिक्षामा दलित महिला पछाडि पर्नुको कारण र प्रभावको विवरणलाई तालिका ६.४ मा प्रस्तुत गरिएको छ ।

**तालिका ६.४ : शिक्षामा दलित महिला पछाडि पर्नुको कारण र प्रभावको आधारमा उत्तरदाताको विवरण**

| **कारण** | **उत्तरदाताको संख्या** | **प्रतिशत** |
|---|---|---|
| आफ्नै कमजोर | १५ | ३६.५८ |
| विवाह | ९ | २१.९५ |
| चेतनाको कमी | ४ | ९.७५ |
| आर्थिक अभाव | ३ | ७.३१ |
| माथिका सबै वा अन्य | १० | २४.४१ |
| जम्मा | ४१ | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०७८*

तालिका नं. ६.४ मा प्रस्तुत तथ्याङ्कलाई अध्ययन गर्दा विश्कर्मा महिलाहरुको बिचारमा नारी शिक्षा पछाडि पर्नुको कारण नारी आफै कमजोर भन्नेको संख्या १५ जना, वैवाहिक कारण भन्नेको संख्या ९ जना, चेतनाको कमी भन्नेको संख्या ४ जना, आर्थिक अभाव भन्नेको संख्या ३ जना र माथिका सबै र अन्य विभिन्न कारण भन्नेको संख्या १० जना रहेकाछन् । सबै भन्दा धेरै नारी आफै कमजोर भएर भन्नेमा १५ जना रहेका छन् । दलित महिलाहरु मुख्यतया सामाजिक र पारिवारिक रुपमा पछाडि रहेको हुनाले महिलाहरुको आत्म विश्वास कमजोर भएको पाइन्छ । आफ्नो हक र स्वतन्त्रताको लागि परिवार र समाज विरुद्ध आवाज उठाउन डराउने, परिवारको इज्जतको डर मान्ने भएकोले महिला सधै पछाडि पर्नुको कारण महिलाहरुको आफ्नै कमजोरी हो भन्ने धेरै जना रहेको पाइएको छ । शिक्षामा महिला पछाडि पर्नुको कारणलाई वैयक्तिक अध्ययन २ कि सृष्टि बि.क, पेज नं.२८ मा प्रस्तुत गएिको छ ।

## ६.७ बालबालिकाको शिक्षामा अभिभावकको भुमिका

शिक्षा प्राप्तीमा छोराछोरी बिच गरिने भेदभाव नै शैक्षिक भेदभाव हो । नेपालमा अझै पनि कतिपय ठाउँमा शैक्षिक भेदभाव रहेको छ । मानिसहरुमा चेतनाको कमी, पुराना अन्धविश्वास र कमजोर आर्थिक स्थितिका कारणले शिक्षा लगायत अन्य सम्पुर्ण अवसर प्राप्तीमा लैङ्गिक भेदभाव रहिरहेको छ । नेपालको संविधान २०७२ को धारा २४ मा भेदभाव विरुद्धको हकको व्यवस्था गरिएको छ । जसअनुसार व्यक्तिलाई कुनै पनि आधारमा कुनै प्रकारको भेदभाव गरिनेछैन भन्ने व्यवस्था गरिएको छ । अभिभावकको लागि आफ्ना सन्तानहरु बराबर हुनुपर्छ । कुनै सन्तानलाई बढि अवसर र कुनै सन्तानलाई कम अवसर प्रदान गर्नुहुदैन । तर विगतको समयलाई हेर्ने हो भने अभिभावकले शिक्षा प्राप्तिमा छोराछोरी बिच बिभेद गरेको पाइन्छ । छोरालाई निजी विद्यालयमा र छोरीलाई कि त सरकारी विद्यालयमा कि त घरायसी काममा संलग्न गराइन्थ्यो । शिक्षा प्राप्तीमा अभिभावकको नकरात्मक दृष्टिकोण रहेको पाइन्छ । तर वर्तमान समयमा शिक्षाका साथसाथै अन्य अवसरमा पनि छोराछोरी बिचको भेदभावमा कमी आएको पाइन्छ ।

विश्वकर्मा महिलाहरुको परिवारमा शिक्षा प्राप्तिमा अभिभावकले कुनै प्रकारको भेदभाव गरेको पाइदैन । शिक्षा प्रति हेर्ने दृष्टिकोण सकरात्मक रहेको पाइन्छ । छोरीलाई पनि शिक्षा प्रदान गराउनुपर्दछ भन्ने चेतनाको विकास, छोराछोरी बिचको भेदभावमा कमी, शिक्षित घर परिवार, छोरीले पनि नोकरी गरी आम्दानी गर्न सक्ने, परिवारको खर्च धान्न सक्ने, बुढेसकालमा बा-आमालाई पाल्न सक्ने, राम्रो राम्रो अवसरहरु प्राप्त गर्न सक्ने हुनाले परिवारमा शिक्षा प्रतिको सरकात्मक धारणा रहेको पाइएको छ ।

## ६.८ दलित बालबालिका प्रति विद्यालयको दृष्टिकोण

विद्यालयमा सम्पूर्ण विद्यार्थीलाई बिना भेदभाव समान तरिकाले सबैलाई शिक्षा प्रदान गर्नु शिक्षक शिक्षिकाको कर्तव्य हो भने विद्यालय भित्र विद्यालयका अन्य सदस्य र साथीभाईहरु बाट पनि बिना भेदभाव अध्ययन गर्न पाउनु विद्यार्थीको अधिकार हो । नेपालको संविधान २०७२ धारा २४ मा भेदभाव विरुद्धको हकको व्यवस्था गरिएको छ । जसअनुसार व्यक्तिलाई कुनै पनि आधारमा कुनै प्रकारको भेदभाव गरिने छैन भन्ने व्यवस्था गरिएको छ । प्रस्तुत अध्ययनका महिलाहरुले विद्यालयमा अध्ययन गर्ने क्रममा विद्यालयबाट कुनै पनि प्रकारको भेदभाव नरहेको पाइएको छ । विद्यालय भित्र सबैले समान व्यवहार र अवसर प्राप्त गरेको हुनाले शिक्षा प्राप्तिमा अझ सहज हुन पुगेको पाइयो ।

## ६.९ सामाजिक कार्यको प्रयोग रमहत्व

हरेक समाजमा कुनै न कुनै सामाजिक कार्यहरु भइरहन्छ । सामाजिक कार्यमा समाजका सबै सदस्यहरुको उपस्थिति हुनुपर्दछ । समाजका विभिन्न समस्याहरु समाधान गर्न समाजका आवश्यकताहरु पुरा गरी विकसित समाज निर्माण गर्नका लागि समाजका सबै सदस्यहरु एकजुट हुनुपर्दछ । त्यस कारण समाजमा विभिन्न समुहहरु पनि रहेका छन् ।

विश्वकर्मा टोलमा विभिन्न सामाजिक कार्यहरु भइरहन्छ जसको लागि महिलाहरु पनि समुह मिलेर उक्त कार्यहरु गर्ने र सामाजिक समस्यालाई समाधान गर्ने गरेका छन् । यस्ता सामाजिक कार्यमा जान परिवारले महिलाहरुलाई कुनै प्रकारको रोक नलगाएको पाइएको छ । किनकी समाज एउटा घर जस्तै हो । समाजमा बसेपछि सामाजिक आवश्यकता र समाधान गर्नका लागि समाजका सबै सदस्यहरु एकजुट हुन सकेमा मात्र समाज विकसित हुन सक्ने भन्ने पाइएको छ । परिवारले सामाजिक कार्यमा जान कुनै रोक लगाउँदैनन् भन्नेमा ४१ जना नै रहेको पाइएको छ ।

## ६.१० दलित महिलाहरुको शैक्षिक अवस्थामा परिवार तथा राज्यको भुमिका

समाज विकासका लागि शिक्षाको ठूलो महत्व रहेको हुन्छ । विभिन्न कारणहरुले गर्दा सबै मानिसले समान शिक्षा प्राप्त गरेका हुदैंनन् । यस्ता समस्या र कारणहरुलाई पहिचान गरि शिक्षामा सबैको समान सहभागिता गराउनु आजको आवश्यकता हो । सबै क्षेत्रमा दलित महिलाहरुले समान शिक्षा प्राप्त गरेका छन् भन्न सकिदैन । ठाउँ, परिवेश, परिवार, समाज, वातावरण आदि विभिन्न पक्षहरुले महिलाले शिक्षा प्राप्ति गर्ने दृष्टिकोणमा पनि फरक-फरक धारणा रहेको पाइन्छ । त्यसैले विश्वकर्मा महिलाहरुको शैक्षिक अवस्थामा परिवर्तन आउन तथा शिक्षामा सुधार गर्न परिवार तथा राज्यको ठूलो भूमिका रहेको हुन्छ । त्यसका लागि शिक्षाको महत्व सम्बन्धी जनचेतना जगाउने कार्यक्रम गर्ने, अति विपन्न र गरिब दलित परिवारलाई आर्थिक सहयोग गर्ने, सबै दलित महिलालाई उच्च शिक्षा सम्म निशुल्क शिक्षा दिने, विद्यालयबाट गरिब र जेहेन्दार विद्यार्थीका लागि छात्रावृत्ति प्रदान गर्ने, परिवारले छोराछोरीमा कुनै भेदभाव नगरी, समान शिक्षा र विभिन्न अवसरहरु प्रदान गर्ने जस्ता कार्य गरेमा विश्वकर्मा महिलाहरुको शिक्षामा परिवर्तन आउनेछ भन्ने महिलाहरुको धारणा रहेको पाइयो ।

# अध्याय : सात

# साराशं, मुख्य प्राप्ति र निष्कर्ष

## ७.१ सारांश

प्रस्तुत अध्ययन विश्वकर्मा महिलाहरुको शैक्षिक अवस्थामा आएको परिवर्तन विषयमा आधारितसमाजशास्त्रीय एक अध्ययन रहेको छ । जुन कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. २५ स्थित विश्वकर्मा टोलमा रहेको विश्वकर्मा महिलाहरुमा केन्द्रित रहि गरिएको छ । जसमा वर्तमान अवस्थामा विश्वकर्मा महिलाहरुको शैक्षिक अवस्थाको पहुँच र शिक्षामा प्रभाव पार्ने तत्वहरु के के हुन्, शिक्षाप्रति उनिहरुको धारणा कस्तो छ भन्ने उद्देश्यमा आधारित रहेर अध्ययन गरिएको छ। उक्त उद्देश्यहरु प्राप्त गर्नका निम्ति विश्वकर्मा टोलमा स्थायी रुपमा बस्दै आएका १४ देखि ३५ वर्षसम्मका महिलासँग मात्र सिमित रही अन्तरवार्ता अनुसूची विधिको प्रयोग गरी प्राथमिक तथ्याङ्क संकलन गरी तथ्याङ्क शास्त्रीय विधि अनुरुप तालिकिकरण प्रतिशत मार्फत् तथ्याङ्कको प्रस्तुतिकरण गरिएको छ।

नेपाली समाजमा पितृसत्ताले सदियौदेखि जसो गाडेर बसेको अवस्था छ, महिलालाई दोस्रो दर्जाको नागरिकको रुपमा लिइन्छ भने दलित महिलाहरु लैङ्गिक जातिय र वर्गीय रुपमा पछाडि परेको अवस्था छ जसकारण महिलाहरु घरेलु हिंसा, बलात्कार, चेलिबेटी बेचबिखन, यौनशोषणका सिकार हुन वाह्य परिरहेको अवस्था छ। दलित महिलाहरुलाई हेर्दा जातिय शोषण, छुवाछुत, कानुनी अनविज्ञता, चेतनाको कमी, साक्षरताको कमी, स्रोतसाधनको कम पहुँच भएको हुनालेसमाजमा अन्य जातिले हेपाहा प्रवृतिले हेर्नु, आर्थिक अवस्था कमजोर हुनु, ज्याला मजदुरीमा भर पर्नु, आयआर्जनको स्रोत नहुनु, शिक्षा र चेतनाको स्तर कमजोर हुनु, बच्चाहरु धेरै जन्माउनु, स्याहारसुसार र खानपिन राम्रो नहुने जस्ता समस्याकाकारणले समाजमा पछाडि परेको पाइन्छ।

अध्ययन क्षेत्रका महिलाहरुको विगतको समयलाई हेर्दा हरेक क्षेत्रमा पुरुषको तुलनामा महिला आर्थिक, शैक्षिक, सामाजिक जस्ता विभिन्न पक्षमा हक अधिकार र अवसर प्राप्त गर्नबाट बञ्चित रहेका थिए । महिलाहरु घर भन्दा बाहिर निस्केर खुला संसारलाई बुझ्न पाएको अवस्था थिएन । महिलाहरु सानै उमेरमा विवाह गर्ने, बच्चा जन्माउने,

बच्चाकै लालनपोषण र घरको काममा समय बिताउने हुनाले शिक्षप्रति महिलाहरुको ध्यानाकर्षण भएको थिएन । महिलाहरुलाई निश्चित दायराभित्र मात्र सिमित राख्ने हुनाले शिक्षाबाट बञ्चित हुनुपरेको थियो, घर परिवारमा छोरीलाई शिक्षा प्रदान गराउनुपर्छ भन्ने दृष्टिकोण नकरात्मक रहेको थियो । महिलाहरुलाई शिक्षा दिनुपर्छ भन्ने चेतनाको कमी, आर्थिक अभाव, जातिय छुवाछुत, अन्धविश्वास, कुरिति, छोराछोरी बिचको भेदभाव वैवाहिक कारण जस्ता विभिन्न कारणले शिक्षाप्रतिको सोचलाई नकरात्मक बनाएको थियो ।

प्रस्तुत अध्ययन क्षेत्रका प्राय विवाहित महिलाले आफ्नो अध्ययनलाई विवाहपश्चात् निरन्तरता दिएको पाइएको छैन । सानै उमेरमा विवाह गर्ने, छोराछोरी जन्माउने, घर परिवार र छोराछोरीको स्याहार सुसार गर्ने, घरायासी काममा नै समय वित्ने र विभिन्न पारिवारिक समस्याका कारणले अध्ययनलाई निरन्तरता नदिई बिचबाट नै छाडेको पाइएको छ ।

परिवारको शिक्षाप्रति सकरात्मक धारणा हुँदाहुँदै वा लैङ्गिक विभेद नगरेपनि घरको पारिवारिक अवस्थाका कारण शिक्षामा निरन्तरता दिन नसकेको देखिन्छ । न्युन महिलाहरु मात्र विवाहित भएपनि शिक्षासँगसँगै नोकरी गर्दै आइरहेका छन् । आर्थिक स्थिति राम्रो हुने परिवारले छोराछोरी दुवैलाई निजि विद्यालयमा आर्थिक अवस्था कमजोर हुने परिवारले छोराछोरी दुवैलाई सरकारी विद्यालय पढाएका छन् ।

अध्ययन क्षेत्रका विवाहित महिलाहरुको संख्या जम्मा २४ जना रहेका मध्ये विवाहसँगसँगै शिक्षालाई निरन्तरता दिने महिलाहरुको संख्या जम्मा ३ जना रहेको छ । जुन एकदमै न्युन रहेको छ । प्राय जसो महिलाहरुले माध्यामिक तहसम्म अध्ययन गरेको पाइएको छ । प्राथमिक तहसम्म सबै महिलाहरुले अध्ययन गरेका हुनाले कुनै पनि महिला अशिक्षित र अनपढ रहेको पाइएको छैन । महिलाहरु स्नातोकोत्तर तह सम्म अध्ययन गर्दै गरेका पनि पाइएको हुनाले विश्वकर्मा महिलाहरुको शिक्षाप्रतिको धारणा विस्तारै विकास हुँदै गएको देख्न सकिन्छ । शिक्षासँगसँगै महिलाहरु आत्मनिर्भर भएका छन् भने विभिन्न तालिमहरु लिएर आयआर्जन पनि गरेका छन् जसकारण बचत गर्ने बानीको विकास भएको छ । स-साना समस्याहरु पनि श्रीमान्को भर पर्नु परेको छैन । महिलाहरुको शैक्षिक चेतनाको स्तर बृद्धि हुँदै गएको हुनाले फलस्वरुप सामाजिक, आर्थिक, शैक्षिक, साँस्कृतिक, नेतृत्व तह सम्मको अवस्थामा परिवर्तन आएको पाइएको छ ।

## ७.२ मुख्य प्राप्तीहरु

प्रस्तुत अध्ययनको लागि पोखरा महानगरपालिका वडा नं. २५ स्थित विश्वकर्मा टोलका विश्वकर्मा महिलाहरुको जम्मा संख्या ४१ जना महिलालाई अध्ययन एकाईको रुपमा छनोट गरिएको छ । छनोट गरिएको उत्तरदाताबाट आएको विवरणलाई वा उत्तर प्राप्तीलाई निम्ननुसार उल्लेख गरिएको छ ।

- अध्ययन क्षेत्रमा हिन्दु धर्म मान्नेको संख्या ३९ जना र ईसाइ धर्म मान्नेको संख्या २ जना रहेका छन् ।
- बोल्ने भाषामा नेपाली भाषा बोल्नेको संख्या ४१ जना नै महिलाहरु रहेका छन् ।
- उमेरलाई अध्ययन गर्दा १४ देखि २० वर्ष सम्मका महिलाहरुको संख्या १२ जना, २० देखि २५ वर्ष सम्मका ८ जना, २५ देखि ३० वर्षसम्मका १४ जना र ३० देखि ३५ वर्षसम्मका ७ जना महिलाहरु रहेको पाइयो ।
- वैवाहिक स्थितिलाई अध्ययन गर्दा विवाहित महिलाको संख्या २४ जना र अविवाहित महिलाको संख्या १७ जना रहेका छन् ।
- शैक्षिक अवस्थालाई अध्ययन गर्दा प्राथमिक तहसम्म अध्ययन गरेका महिला संख्या ३ जना, नि.मा.वि. तहसम्मका १० जना, माध्यामिक तह सम्मका ११ जना, उच्च माध्यामिक तह सम्मका ९ जना र उच्च शिक्षा सम्मका ८ जना महिलाहरु रहेकाछन् ।
- पढेको विद्यालयको किसिमलाई अध्ययन गर्दा सरकारी विद्यालयमा पढ्ने महिलाहरुको संख्या ३० जना र निजी विद्यालयमा पढ्ने महिलाहरुको संख्या ११ जना रहेका छन् ।
- पढाईको निरन्तरता र विच्छेदलाई अध्ययन गर्दा पढाईलाई निरन्तरता दिएका १८ जना र पढाई छाडिसकेको २३ जना महिलाहरु रहेको पाइयो ।
- शैक्षिक लक्ष्यलाई अध्ययन गर्दा १०+२ सम्म पढ्ने ६ जना, स्नातक सम्म पढ्ने १० जना र स्नातोकोत्तर सम्म पढ्ने २ जना महिलाहरु रहेका छन् ।

- परिवारका दाजुभाई पढ्ने विद्यालयको किसिमको अध्ययन गर्दा सरकारी विद्यालय पढ्ने २७ जना, निजि विद्यालय पढ्ने १२ जना र रहेको पाइयो ।
- पढाई छोड्नुको कारण र अवस्थालाई अध्ययन गर्दा वैवाहिक कारणले १५ जना, पारिवारिक कारणले ४ जना, आर्थिक कारणले २ जना र पढ्ने जागर नभएर २ जना महिलाहरु रहेका छन् ।
- शिक्षाप्रतिको पारिवारिक दृष्टिकोणलाई अध्ययन गर्दा सकरात्मक दृष्टिकोण राख्ने ४१ वटा परिवार नै रहेको पाइयो ।
- महिलाहरुको पेशागत आवद्धताका आधारलाई अध्ययन गर्दागृहणी महिला १७ जना, पढ्ने मात्र १३ जना, नोकरी गर्ने ७ जना, ज्याला मजदुरी गर्ने ३ जना र व्यापार व्यवसाय गर्ने १ जना रहेका छन् ।
- परिवार र आर्थिक अवस्थालाई अध्ययन गर्दा न्युन अवस्था रहेको ६ जना, मध्यम अवस्था रहेको २८ जना र उच्च अवस्था रहेका ७ जना महिलाहरु रहेको पाइयो ।
- परिवारको आर्थिक स्रोतका माध्यमलाई अध्ययन गर्दा वैदेशिक रोजगार गएका १२ जना, नोकरी मात्रै गर्ने ९ जना, ज्याला मजदुरी गर्ने ६ जना,नोकरी र वैदेशिक रोजगार दुवै हुने ५ जना,निर्माण व्यवसाय गर्ने ४ जना, निर्माण व्यवसायी र वैदेशिक दुवै हुने ३ जना र व्यापार गर्ने २ जना रहेका छन् ।
- परिवारको मासिक आम्दानीलाई अध्ययन गर्दा ५००० देखि २०००० सम्म आम्दानी हुने १० जना, २०००० देखि ५०००० सम्म आम्दानी हुने २० जना र ५०००० भन्दा माथी सम्म आम्दानी हुने ११ जना रहेको देखियो ।
- परिवारको आम्दानीबाट घरखर्चको अवस्थालाई अध्ययन गर्दा धान्न सकिने भन्ने २६ जना, सकिदैन भन्ने २ जना र निर्वाहमात्र भन्ने १३ जना महिलाहरु रहेको पाइयो ।
- परिवारको आर्थिक कारोबार र सञ्चालन सम्बन्धमा अध्ययन गर्दा बुवाले गर्ने १६ जना, महिला स्वयम्ले गर्ने १३ जना, श्रीमान्ले गर्ने ७ जना र आमाले गर्ने ५ जना रहेको पाइयो ।
- परिवारमा छोराछोरी बिच समान अवसर र स्वतन्त्रताको अवस्था बराबर छ भन्नेमा ४१ जना नै महिलाहरु रहेका छन् ।
- संघसंस्थामा आवद्धता गतिशिलतालाई अध्ययन गर्दा आवद्ध छु भन्नेमा २४ जना र आवद्ध छैन भन्नेमा १७ जना रहेको देखियो ।

- संघसंस्थामा आवद्धता र संस्थाको प्रकृतिलाई अध्ययन गर्दा छन् आमा समुह र बचत समुह दुवैमा रहेका १२ जना र बचत समुहमा मात्रै रहेका १२ जना र बाल क्लबमा रहेका १ जना महिलाहरु संस्थामा आवद्ध रहेको पाइयो ।
- तालिमबाट प्राप्त फाइदालाई अध्ययन गर्दा व्यक्तित्व विकासमा ५ जना,सामाजिक कार्यमा १ जना र माथिका सबै भन्नेमा ११ जना महिलाहरु रहेका छन् ।
- अध्ययन पश्चात्को लक्ष्यलाई अध्ययन गर्दा विदेश जाने १० जना र जागीर खाने ८ जना महिलाहरु रहेको पाइयो ।
- नारी शिक्षा महत्वपुर्ण छ भन्नेमा ४१ जना महिलाहरु रहेको पाइयो ।
- शिक्षामा महिला पछाडि पर्नुको कारण र प्रभावलाई अध्ययन गर्दा आफ्नै कमजोरी भन्नेमा १५ जना, वैवाहिक कारणले भन्नेमा ९ जना चेतनाकोकमिले भन्नेमा ४ जना, आर्थिक अभाव भन्नेमा ३ जना र माथिका सबै भन्नेमा १० जना महिलाहरु रहेको पाइयो ।
- शिक्षामा अभिभावकको भुमिका र भेदभाव नभएको भन्नेमा ४१ जना रहेका छन् ।
- शिक्षामा विद्यालयले हेर्ने दृष्टिकोणमा भेदभाव छैन भन्नेमा ४१ जना महिलाहरु रहेको देखियो ।
- सामाजिक कार्यमा जान रोक लगाउँदैन भन्नेमा ४१ जना नै महिलाहरु रहेका छन् ।

## ७.३ निष्कर्ष

प्रस्तुत अध्ययनमा विश्वकर्मा महिलाहरुको शैक्षिक अवस्थालाई विश्लेषण गरिएको छ, पोखरा महानगरपालिका वडा नं. २५ स्थित विश्वकर्मा टोलका विश्वकर्मा जातिलाई त्यहाँका अन्य जाती भन्दा कमजोर, अशिक्षित र न्युन आर्थिक स्तर भएका जातिका रुपमालिईदै आएको पाइन्छ । महिलाहरुलाई अन्य जातिका महिलाहरुको तुलनामा कमजोर रुपमा हेरिन्छ । तर प्रस्तुत अध्ययनबाट विश्कर्मा महिलाहरुको सम्पुर्ण पक्षका साथै विशेष गरी उनीहरुको शैक्षिक स्तरलाई प्रष्ट रुपमा केलाएको छ । जसबाट विश्वकर्मा महिलाहरुको विगतको तुलनामा वर्तमान समयमा शैक्षिक स्तरमा सुधार आएको र उनीहरु अन्य जतिका महिला सरहनै सामाजिक, आर्थिक, शैक्षिक, सबै पक्षमा सबल रहेका छन् ।

विश्वकर्मा महिला र परिवार दुवैको शिक्षाप्रति सकरात्मक धारणा रहेको छ । शिक्षाबाट महिलाहरु पढ्न, लेख्न सक्ने, सबै कुराहरुमा सक्षम हुन सक्ने, राम्रो देशमा

आयआर्जन गर्न जान सक्ने, सामाजिक विकासमा सहयोग पुग्ने, घरका अन्य सदस्यबाट अपहेलित हुन नपर्ने भन्ने शिक्षा प्रतिको चेतनाको विकासको कारणलेमहिलाहरु र परिवारको शिक्षाप्रति सकरात्मक धारणा रहेको छ । पढ्ने उमेरका सबै बालबालिकाहरुले पढाईलाई निरन्तरता दिइरहेका छन् । नमुना छनोटमा लिएका सबै महिलाहरुले प्राथमिक तहसम्म अध्ययन गरेका छन् । माध्यामिक तहसम्म अध्ययन गरेकासबैभन्दा धेरै महिलाहरु रहेका छन् । त्यसैगरी स्नातक  र स्नाकोत्तर गर्दै गरेकामहिलाहरुको सहभागीरहेको हुनाले पनि विश्वकर्मा महिलाहरुको शिक्षामा प्रगति भइरहेको छ भन्नसकिन्छ ।

नेपालका अन्य ठाउँका विश्वकर्मा महिलाहरुको तुलनामा प्रस्तुत अध्ययन क्षेत्रका विश्वकर्मा महिलाहरुको शैक्षिक, सामाजिक, अार्थिक र राजनैतिक स्तरमा निकै प्राप्ती भएको छ । महिलाहरु विभिन्न बचत समुहमा आवद्ध हुनुका साथै सरकारी वा गैरसरकारी संस्थाबाट आएका तालिमहरुमा संलग्न भई सिप विकास गरेर आयआर्जनका स्रोत समेत बनाएका    छन् । विभिन्न सामाजिक कार्यमा सबै महिलाहरु एकजुट भई समाज विकासमा अग्रसर भएका छन्, जसकारण उनिहरुको बोलिचाली, लवाईखुवाई, सरसफाईमा पनि सुधार भएको छ । उनीहरुले आयमुलक काम गरी आर्थिक पहुँच वृद्धि गर्नुका साथै समाजमा नेतृत्व गर्न सक्ने क्षमतामा समेत विकास भएको छ । अतः वर्तमान समयमा विश्वकर्मा महिलाहरुको शैक्षिक, सामाजिक, आर्थिक, राजनैतिक जस्ता विभिन्न क्षेत्रमा निकै प्रगति भएको छ । विशेष गरी वर्तमान् समयमा शैक्षिक क्षेत्रमा महिला र पुरुष बिचको लैङ्गिक विभेद अन्त्य भएको छ ।

# सन्दर्भसूची

काफ्ले, बासुदेव, पौडेल, यादव र अधिकारी, किसान प्रसाद (२०६४), *शिक्षाको वित्त शास्त्र,* काठमाण्डौं : सनलाइट पब्लिकेशन।

किसान, यमबहादुर (२००६), *दलित सशक्तिकरणका लागि राज्यले अपनाउनुपर्ने नीतिहरु,* काठमाण्डौं : जातिय भेदभाव विरुद्ध राष्ट्रिय मञ्च बागबजार ।

गुरुङ, हर्क (२०६५), *बाहिष्करण देखि समावेशिकरण सम्म सामाजिक समावेशिकरण अनुसन्धान कोष,* काठमाण्डौं : एन.एन.भी नेपाल ।

ताम्राकार, टेक (२०६३),*नेपालमा दलित महिला,* काठमाण्डौं:दलित महिला संघ केन्द्रिय कार्यालय ।

तुम्बाहाम्फे, शिवमाया (२०५९), *नेपालमा महिला आन्दोलन,* अखिल नेपाल महिला संघ, नेपाल ।

पहारी, रुकविना (२०५९), *पोडे जातिको सामाजिक, साँस्कृतिक तथा आर्थिक अवस्था, कास्की जिल्लाको सराङकोठ गा.वि.स. र पोखरा उपमहानगरपालिका वैदामको एक अध्ययन,* अप्रकाशित एम.ए. शोधपत्र, मानवशास्त्र तथा समाजशास्त्र विभाग, त्रि.वि., पाटन संयुक्त क्याम्पस ।

पौडेल, तुलसिराम (२०५९), *लैङ्गिक अध्ययनको रुपरेखा,* काठमाण्डौं : सनलाइट पब्लिकेशन।

प्रश्रित, मोदनाथ (२०४४), *देवासुर सङ्ग्राम,* प्रगतिशिल अध्ययन केन्द्र नेपाल ।

फेडो (२०१३), *दलित महिला र बालबालिका विरुद्धको रोकथाम र संरक्षणको लागि तिनीहरुको अवस्थाको अध्ययन,* काठमाण्डौं : दलित महिला संघ ।

भासिन, कमला (२०००), *अन्डर स्टयान्डिङ टेन्डर भलिकर विमिन,* न्यू दिल्ली ।

राष्ट्रिय दलित आयोग (२०६०), *नेपालमा दलित समुदायको स्थिती* ।

विश्वकर्मा, पदमलाल (२०५३), *दलित आन्दोलनमा दलित महिला,* ललितपुर : दलित महिला संघ, केन्द्रिय कार्यालय ।

विष्ट, डोरबहादुर (२०६४), *सबैजातको फुलवारी,* काठमाण्डौं : साझा प्रकाशन ।

शर्मा, शुरेशराज (२०६६), *नेपालमा प्राथमिक शिक्षा,* काठमाण्डौं : एम.के पब्लिसर्स एण्ड डिस्टिब्युटर्स ।

शर्मा, सुरेशराज (२०५६), *वर्तमान शिक्षा प्रणालीको विश्लेषणात्मक विवेचना,* काठमाण्डौं : एम.के पब्लिसर्स एण्ड डिस्टिब्युटर्स ।

सिजापति, रेणु (२०६२), *एक्काइसौँ शताब्दी र दलित महिलाका चुनैतीहरु,* ललितपुर : दलित महिला संघ केन्द्रिय कार्यालय ।

**English Refrecnes**

Abbott, P. and Claire, W. (1997). *An introduction to sociology feminist perspective.*(2nd edition),New York : Palgrave Publisher Ltd.

Bhusan, V. and Dr. Sochdeva (1998). *Fundamental of sociology,* (1st ed)., Pearson Publishers.

Nepal Census (2001). *Nepal's village development, digital Himalaya achieved from the original on 12th October 2008,* Retrieved 30th, September 2008.

Gurung, H. (2003).Janajati and dalit, the subjects in governance reading. *Governance and Development,* Vol II.

Ritzer, G. (1996).*Modern sociological theory,*New Delhi :MC Graqawhill Company.

Sigdel, S. (1998). *Changing socio-economic status of podes of Nepal. (A case study of Sarangkot VDC and Nayabazaar, Pokhara, Kaski)* Unpublished M.A thesis, Central Department of Sociology, Abthropology Kirtipur, Katahmandu.

# अनूसुची

## प्रश्नावली

उत्तरदाताको नाम, थर :

ठेगाना :

वैवाहिक स्थिती :

पारिवारिक संख्या :

भाषा :

घरधुरी प्रमुख : महिला ( ) पुरुष ( )

परिवारको प्रकार : महिला ( ) पुरुष ( )

१. तपाई पढ्दै हुनुहुन्छ ?

क) छु ख) छैन

२. यदि पढ्दै हुनुहुन्छ भने कति कक्षामा पढ्नुहुन्छ ?

क) पाँच ख) आठ ग) एस.एल.सी घ) सो भन्दा माथी

३. कति कक्षा सम्म पढ्ने सोचमा हुनुहुन्छ ?

क) एस.एल.सी ख) १०+२ ग) स्नातक घ) स्नातकोत्तर

४. पढाई बिचमै छोड्नु भएको भए कति पढेर छोढ्नुभयो ?

क) पाँच कक्षा सम्म ख) आठ कक्षा सम्म ग) एस.एल.सी घ) +२ भन्दा बढी

५. के कारणले पढाई छोड्नुभयो ?

क) आर्थिक स्थिती ख) पारिवारिक कारण ग) वैवाहिक कारण

घ) पढ्ने जाँगर नभएर

६.    तपाईको दाजुभाई कस्तो विद्यालय          ग्रो ?

क) निजी          ख) सरकारी

७.    तपाईले कस्तो विद्यालयमाबाट शिक्षा प्राप्त गर्नुभयो ? किन ?

क) निजी          ख) सरकारी

.........................................................................................................

८.    तपाईको परिवारले शिक्षाप्रति हेर्ने दृष्टिकोण कस्तो छ ? किन ?

क) सकरात्मक          ख) नकरात्मक

.........................................................................................................

९.    तपाई शिक्षाको अलावा के गर्नुहुन्छ ?

क) घरायसी    ख) नोकरी      व्यापार व्यवसाय        घ) ज्याला मज्दुरी

१०.    यदि नोकरी गर्नुहुन्छ भने के मा गर्नुहुन्छ ?

क) सरकारी          ख) गैरसरकारी

११.    तपाईको घरको आर्थिक अवस्था कस्तो छ ? किन ?

क) न्यून       ख) मध्यम      ग) उच्च

.........................................................................................................

१२.    तपाईको घरको आर्थिका स्रोतका माध्यमहरु के-के हुन् ?

क) नोकरी          ख) व्यापार व्यवसाय        ग) वैदेशिक रोजगारी

घ) ज्याला मज्दुरी       ङ) अन्य कुनै

१३.    तपाईको परिवारको आम्दानीबाट खर्च धान्न सकिन्छ ? किन ?

क) सकिन्छ ख) सकिदैँन ग) निर्वाह मात्र

१४. तपाईको घरको आर्थिक कारेबार कस्ले गर्छ ? किन ?

क) बुबा ख) आमा घ) आफै

..........................................................................................

१५. तपाईको घरको आर्थीक आम्दानी महिनाको कति हुन्छ ?

क) ५,००० भन्दा बढी ख) ६,००० भन्दा बढी

ग) २०,००० भन्दा बढी ग) ५०,००० भन्दा बढी

१६. तपाईको परिवारले तपाई र अन्य सदस्य (दाजुभाई) मा समान अवसर र स्वतन्त्रता दिएको छ वा छैन ? किन ?

क) छ ख) छैन

..........................................................................................

१७. यदि छैन भने के मा असमानता गरे जस्तो लाग्छ ?

क) शिक्षा ख) स्वतन्त्रता ग) घरको काम घ) माथिका सबै

१८. परिवारले तपाईलाई सामाजिक कार्यमा जान रोक लगाउँछ वा लगाउँदैन ? किन ?

क) लगाउँछन् ख) लगाउँदैनन्

..........................................................................................

१९. तपाई पढेर के गर्ने विचार छ ? किन ?

क) जागीर खाने ख) व्यापार व्यवसाय गर्ने

ग) विदेश जाने घ) खन्य कुनै

२०. नारी शिक्षा सबैभन्दा महत्वपूर्ण छ जस्तो लाग्छ कि लाग्दैन ? किन ?

क) लाग्छ ख) लाग्दैन

.................................................................................................

२१. नारी शिक्षा पछाडि पर्नुको कारण

क) चेतनाको कमी ख) वैवाहिक कारण ग) आर्थिक अभाव

घ) नारी आफै कमजोर ङ) माथिका सबै

२२. तपाईलाई शिक्षा प्राप्तिमा विद्यालयबाट महिला र पुरुष कुनै विभेद भए जस्तो लाग्छ कि लाग्दैन ? किन र कसले ?

क) लाग्छ ख) लाग्दैन

.................................................................................................

२३. शिक्षा प्राप्तिमा घरपरिवारबाट कुनै विभेद भए जस्तो लाग्छ कि लाग्दैन ? किन र कसले ?

क) लाग्छ ख) लाग्दैन

.................................................................................................

२४. तपाई कुनै संघसस्थामा आबद्ध हुनुहुन्छ ?

क) छ ख) छैन

२५. यदि हुनुहुन्छ भने के मा आबद्ध हुनुहुन्छ ? किन ?

क) बालक्लब ख) आमा समूह ग) बचत समूह

घ) सरकारी तथा गैरसरकारी संस्था

.................................................................................................

२६. तपाईले कुनै प्रकारको तालिम लिनुभएको छ ?

क) छ ख) छैन

२७. यदि तालिम लिनुभएको छ भने के [illegible] लिनुभयो ?

क) शिक्षामा  ख) [illegible] विकासमा

ग) सामाजिक कार्यमा  घ) माथिका सबै

२८. तपाईको जीवनमा शिक्षाले कस्तो परिवर्तन ल्यायो ? किन ?

क) सकरात्मक  ख) नकरात्मक

..........................................................................................................

२९. दलित महिलनको शिक्षामा सुधार गर्न तपाईको परिवार तथा राज्यले गनुपर्ने भुमिका के होला ?

..........................................................................................................